बाँझो जग्गा उपयोग सम्बन्धी संम्भाव्यता अध्ययन र सिफारिस गर्ने बारेको

प्रतिवेदन

प्रतिवेदन बुझाईने निकाय

नेपाल सरकार

राष्ट्रिय किसान आयोग

कलंकी, काठमाडौं

प्रतिवेदन बुझाउने निकाय

बालार्क ईन्टरनेशनल प्रा.लि.

पुतलीसडक, काठमाडौं

मिति: जेष्ठ, २०७५

कृतज्ञता

अध्ययन अगाडी बढाउन भूमि बाँझो रहनुका तात्विक कारणहरु पहिचान गर्न र त्यसबाट श्रृजना भएका परिमाणहरु र त्यस्ता समस्या समाधानका सम्बन्धमा सरकार, संघ-संस्था र स्वतन्त्र बिश्लेशकहरुबाट प्रकाशित भएका लेख रचना सुझाव आदि अध्ययन गरि सवाल बारे मस्यौदा तयार पार्नका लागि नेपाल सरकार, राष्ट्रिय किसान आयोगले यस बालार्क ईन्टनरनेशनल प्रा.लि. काठमाडौँलाई बिगतका बैदेशिक तथा स्वदेशी असल तथा सफल कथाहरुका आधारमा वस्तुपरक मस्यौदा तयार गर्ने जिम्मा दिएकोमा बालार्क ईन्टनरनेशनल प्रा. लि. राष्ट्रिय किसान आयोगप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

यस कार्यका लागि सम्मानित आयोगबाट प्रत्येक समयमा आवस्यक सूचना प्रदान गरिदिनु हुने आयोगका अध्यक्ष श्री चित्र बहादुर श्रेष्ठ, सदस्यहरु श्री उदयचन्द्र ठाकुर, श्री, भानुभक्त सिग्देल श्री रविन्द्र के. सी., श्रीमती मिना तामाङ, श्रीमती बसन्ती घिमिरे तथा सदस्य सचिव श्री तेज बहादुर सुवेदी, उप सचिव श्री पशुपति पोखेल, शाखा अधिकृत श्री निर्मल कुमार रेग्मीका साथै अन्य विभागीय कर्मचारीप्रति यस संस्था उत्तिकै आभारी छ ।

यस अध्ययनका लागि बिभिन्न समयमा महत्त्वपूर्ण सूचना प्रवाह गर्ने, गोष्ठीका दौरान आफ्नो सुझाव दिने, कानूनी अप्ठ्याराहरु लाई सहजीकरण गरिदिने तथा अस अध्ययनमा सम्मिलित सम्पूर्ण बिषयगत विज्ञहरु जसले अध्ययनको विषयवस्तुबारे तटस्थ तथा वस्तुपरक सूचना दिई सहयोग गरिदिनु भएकोमा सवैप्रति संस्था कृतज्ञता प्रकट गर्दछ । रिसर्च इन्क्लेव प्रा.लि. ले आयोगमा बुझाएको प्रारम्भिक मस्यौदा प्रतिवेदनलाई अध्ययन गरी त्यसमा रहे भएका त्रुटि तथा कमजोरीहरू समेतलाई औँल्याई यस प्रतिवेदनलाई पूर्णता प्रदान गरिदिनहुने सम्बन्धीत सबैलाई धन्यवाद प्रकट गर्दछ ।

कार्यकारी सारंश

नेपाल कृषि प्रधान देश रत ६८.० प्रतिशत बढी जनता कृषिमा आश्रित छन (कृषि डायरी २०७४) । देशको अन्दाजी ३२ लाख हेक्टर भूमिमा खेती गरिएको तंथ्यांक छ र यो भूमि ३७ लाख कित्तामा विभक्त छ, (तथ्याङ्क विभाग, २०६८) । साथै ३४,९७,४०८ परिवारसंग ०.५ हेक्टर भन्दा कम भूमि छ (कृषि गणना, २०११) । दिगो भूमि व्यवस्थापन, भूमि सुशासन र परिणाममुखि भूमि परिचालन उन्नत कृषिका आधार हुन । रोजगारीको अभाब, न्यून आय र विश्वव्यापीकरणको प्रभावले समाजमा आएको वैदेशिक अध्ययन, रोजगारी वा अन्य आकर्षणले कृषि कार्य छाडेर विदेशिने युवाहरुको संख्या बढ्दो छ ।

त्यस कारण मानवश्रममा आधारित हाम्रो कृषिक्षेत्र दक्ष श्रम अभावको अवस्थामा छ । भूमि र खाद्य सुरक्षा अन्योन्याश्रित छन् । दीगो पोषण आपूर्ति र खाद्य संप्रभुता प्रत्याभुत गर्न प्रभावकारी भूमि प्रयोगको बिकल्प छैन । यो कुरालाइ नेपालको संबिधान २०७२ पनि अङ्गिकार गरेको छ । अहिले भूमि निस्कृय रहने प्रबृत्ति बढेको छ । आर्थिक बिकास, रोजगारीका अवसरमा बृद्धि, खाद्य आपूर्ति आदिका दृष्टीले यो राम्रो होइन । यो अध्ययनले भूमि बाँझो रहने कारण स्थलगत सर्वेक्षणका आधारमा पहिचान गरी के कसरी बाँझो भूमि पुनः प्रयोगमा ल्याउन सकिन्छ छलफलबाट निचोड निकाल्ने उद्धेश्य लिएको छ ।

यो अध्ययन अगाडी बढाउन भूमि बाँझो रहनुका तात्विक कारणहरु पहिचान गर्न र त्यसबाट श्रृजना भएका परिमाणहरु र त्यस्ता समस्या समाधानका सम्बन्धमा सरकार, संघ-संस्था र स्वतन्त्र बिश्लेशकहरुबाट प्रकाशित भएका लेख रचना सुझाव आदि अध्ययन गरि सवाल बारे धारणा बनाइयो । बाँझो जमिनको सवालबारे स्थलगत तथ्य, सूचना तथा सुझाव संङ्कलन कार्यकालागि जिल्ला, गाँउ र वस्तीहरुको छनौट गर्दा भएसम्म समानुपातिकरुपमा प्रतिनिधित्व हुने गरि चयन गरिएको थियो । प्रादेशिक संरचना अनुसार सबै प्रदेशको प्रतिनिधित्व हुने गरि जिल्ला छनौट गरिएका थिए ।

बि. सं. २०३७ साल संम्ममा राष्ट्रीय स्तरको कार्यक्रम मार्फत देशको कुल खेती लागेको भूमिलाइ नीजि स्वामित्वमा लगेको देखिन्छ । त्यो बेलाको नेपालको कुल जनसंख्यमको ७० प्रतिशत भन्दा बढी नागरिकको बसोबास पहाडी र हिमाली क्षैत्रमै भएको कुरा त्यसबेलाका

जनगणना, कृषि गणना र जीवन स्तर संबन्धि गरिएका अध्ययनहरुले देखाएका छन् । अहिले देशको ५६ प्रतिशत जनता तराइमा छ भजे १७ प्रतिशत उपत्यका लगायतका शहरी क्षेत्रमा छ । यसरी हेर्ने हो भने पहाडी र हिमाली क्षेत्रको जनसंख्या कुल जनसंख्याको ३० प्रतिशत भन्दा कम छ । हर्को सबाल के भने गत ३० बर्षमा पहाडी र हिमाली क्षैत्रको जनसंख्या ४० प्रतिशतले घटेको देखिन्छ र त्यो जनसंख्याले उपत्यका लगायत तराइ र अन्य शहरी क्षेत्रको कति भूमि ओगटो भन्ने खोजिको बिषय बनेको छ ।

जग्गा बाँझै छोड्दा स्थानिय कृषि कार्यका मौलिक परम्परा, औजार, शिप, श्रम र खाद्य संस्कृतिमा विचलन आई पोषणयुक्त स्थानिय खाद्य श्रृखला लोप भएको र खाद्यान्नका लागि परनिर्भरता बढेको छ । हाम्रा परम्परागत, मौलिक खाद्य परिकारलाई उद्योगबाट उत्पादित तयारी खाद्य पदार्थले विस्थापन गरेका छन् । यसले मानव स्वास्थमा पार्ने दुरागामी असर त छँदै छ र न्यून आय भएका र श्रमजिवी नागरिकहरुका लागि ठूलो व्ययभार पनि थपिदिएको छ । हाम्रो खाद्य संस्कृति बदलिएको छ तर हाम्रो आर्थिक हैसियत खस्कँदो क्रममा छ । भूमि बाँझिने सँगै नीजि प्रयोग तथा आय आर्जनका लागि पालिने पशु-पंक्षी तथा चौपायको संख्या घट्ने क्रममा छन् ।

जमिन बाँझिने र बचेको जमिन पनि अनुत्पादक हुने सवाल नेपालको कृषि अर्थतन्त्रलाई जति घातक छ त्यो भन्दा बढी मार राज्यले हाल चामल आयातमा खेपि रहेको छ । बि.स. २०१३ बाट शुरु भएको योजना कार्यान्वयन, कृषि मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद्, विश्वविद्यालयहरु, सहकारी विकास बोर्ड जस्ता दर्जनौं प्राज्ञिक, अनुसन्धानक, योजना निर्माण, नीति कार्यान्वयनकर्ताहरुको एकिकृत प्रयास र त्यसका उपलब्धिहरुलाई भावी पाठ सिकाईको रुपमा अध्यावधिक गरी समय सापेक्ष सन्तुलित बनाउने प्रयास भएका छन यसलाइ अझ सबल बनाउनु आवस्यक छ ।

कृषि आधुनिकिकरण र ब्यवसायी करणका लागी पशु तथा बाली बिमा, करार (contract) खेती, सहकारी खेतीका विविध पक्षबारे बहस छलफल भएका छन् तर यि अभ्यासको कानूनी तथा व्यवहारिक ढाँचा सञ्चालन संयन्त्र र विस्तार कार्यका लागि आवश्यक पूर्वाधार निर्माणमा राज्यका तर्फबाट नीति नियम र सरल प्रकृयाबाट भूमि लिजमा लिने व्यवस्था गर्ने, बाँझो जमिन संझौंतामा आधारित वा सहकारी खेतीको सहुलियत व्यवस्था जरुरी छ । परम्परागत

सिप र आधुनिक कृषिका प्रयोग बारे संयोजनकारी भूमिका बहन गर्ने संयन्त्र बन्नु आवश्यक छ । एक गाँउ एक वस्तु एक उत्पादनको कल्पनालाई साकार पार्नु उपयुक्त देखिन्छ । भूमि बाँझो छोड्न नदिन राज्यले प्रोत्साहि गर्ने वा सो जमिन बाँझो छोड्नाको कारण पत्तालगाई त्यस्ता ठाउँहरुमा सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गर्नु उपयुक्त हुने देखिन्छ ।

बिषय सूची

कृतज्ञता i
कार्यकारी सारंश ii
तालिका सूची vii
चित्र सूचि viii
अध्याय १ अध्ययनको परिचय १

१.१ पृष्ठभुमी १
१.२ अध्ययनको सान्दर्भिकता २
१.३ अध्ययनको उदेश्य ३
१.४ अध्ययनको प्रारुप ४
१.५ अध्ययनका सिमाहरु ५

अध्याय २ अध्ययन विधि ७

२.१ अध्ययनको तयारी: ७

क) सवाल बारे प्रारम्भिक विश्लेषण ७
ख) प्रश्नावली र रुजुसुची (Check List) निर्माण ७
ग) अन्तिम प्रश्नावली र रुजुसूचीको टुङ्गो ७
घ) स्थलगत कार्यका लागि नमूना छनौट ७

२.२ स्थलगत कार्य : ८

क) सरोकारवाला स्थानिय निकायसँग समन्वय ..... ड
ख) स्थलगत तथ्य सङ्कलन ८

२.३ विश्लेषण बिधि ९

क) तथ्याङ्क तालिकीकरण ९
ख) अध्ययन मस्यौदा तयारी ९
ग) अन्तिम मस्यौदा तयारी ९

२.४ प्रतिवेदनको ढाँचा ९

अध्याय ३ अध्ययन बिश्लेषण १०

३.१ नेपालको भूगोल र जनसंख्या बितरणको स्थिति १०
३.२ खेति योग्य भुमी प्रयोगको स्थिति ११
३.३ नेपालको कृषि श्रम र श्रमबजार.....१३
३.४ नेपालको कृषि उत्पादन, उत्पादकत्व र बितरण प्रणाली.....१४
३.५ भू-खण्डिकरण, वातावरण र पूर्वाधार.....१६
३.६ कृषि नीति, योजना तथा संयन्त्रहरु.....१७
३.७ अध्ययनको सिकाई एब ंविश्लेषण.....२०

अध्याय ४ अध्ययनको मुख्य सिकाई.....२२

४.१ भूमि बाँझिएका कारणहरुको निचोड २२
४.२ भूमि बाँझिएबाट परेका वा पर्न सक्ने सामाजिक, आर्थिक र वातावरणीय अशर एवं परिणामहरु २७

अध्याय ५ निष्कर्ष र सुझाव.....३१

५.१ अध्ययनको निष्कर्ष ३१
५.२ सुझाव ३१

५.२.१ तात्कालिक सोच तालिका.....३४
५.२.२ मध्यकालिन सोच तालिका ३५
५.२.३ दीर्घकालिन सोच तालिका ३६

सन्दर्भ सामाग्री.....३८
अनुसुचीहरु.....i

अनुसुची १ i

तालिका सूची

तालिका नं. २.१ स्थलगत कार्यको लागि नमूना छनौट गरिएका जिल्लाहरु ८

चित्र सूचि

चित्रः ३.१ अध्ययनको खाका १०

अध्याय १ अध्ययनको परिचय

१.१ पृष्ठभुमी

आर्थिक तथा सामाजिक बिकास हालको अवस्थासम्म आइपुग्न कृषि र कृषि अर्थतन्त्रले पुऱ्याएको योगदान अहम रहेको कुरा नेपालको परिप्रेक्षमा कसैवाट छिपेको छैन । यो तथ्यलाई जुनसुकै देशका नीति निर्माता देखि सामान्य कृषि प्राबिधिक सम्मले बुझेका पनि छन् । हालका अल्प विकसित र विकासोन्मुख राष्ट्रले दिगो कृषिमा आधारित अर्थतन्त्र, खाद्य संप्रभूता, सन्तुलित पोषण आपूर्ति जस्ता मानब विकासकालागि अहम पक्षहरुलाई संबोधन हुने गरि कृषि बिकासका यावत बिकल्पहरु प्रयोग गर्ने क्रममा राम्रो सफलता पनि प्राप्त गर्न सकेका छन् । ताईवान, भियतनाम, क्यूवा र हाम्रै छिमेकी मुलुक भारत यसका ज्वलन्त उदहारणहरु हुन ।

नेपालका ६८.० प्रतिशत जनता कृषिमा आश्रित छन (कृषि डायरी २०७४) । देशको अन्दाजी ३२ लाख हेक्टर भूमिमा खेती गरिएको तंथ्यांक छ र यो भूमि ३७ लाख कित्तामा विभक्त छ, (तथ्याङ्क विभाग, २०६८) । साथै ३४,९७,४०८ परिवारसंग ०.५ हेक्टर भन्दा कम भूमि छ भने थप ९,९८,८१८ परिवार संग एक हेक्टर भन्दा कम भूमि पर्छ (कृषि गणना, २०११) । कृषिसाधन र पूर्वाधार कमजोर रहेको हिमाली र पहाडी भूभागले त्यहाँको मागलाइ धान्न नसक्ने अवस्थामा छ भने तराइ भू-खण्डीकरण र अब्यवस्थित शहरीकरणका कारण आक्रान्त बनेको छ ।

यसरी हेर्ने हो भने कृषि पूर्वाधार साना किसानको पहुँचसम्म सुनिश्चित नभएको हालको अवस्थामा ४४,९६,२२६ परिवार आफ्नो उत्पादनबाट जिविकोपार्जन गर्न नसक्ने अवस्थामा छन् (तथ्यांक विभाग, २०१२) । यसले न्युन भूमि र आय भएका कृषक परिवारकालागि बैदेशिक रोजगारी अबिकल्प बन्दै गएको संकेत गर्छ भने बिदेशिने नेपालीको आँकडाले पनि यहि तथ्यलाई उजागर गर्दछ ।

दिगो भूमि व्यवस्थापन, भूमि सुशासन र परिणाममुखि भूमि परिचालन उन्नत कृषिका आधार हुन । नेपालको कुल क्षेत्रफलको २१.० प्रतिशत भूमि खेतियोग्य भएको तथ्याङ्क छ (कृषि डायरी २०७४) जसको ४०.३ प्रतिशत जमीन पहाडी क्षेत्रमा पर्दछ (कृषि गणना, २०११) । यहि क्षेत्र गएको दशकसम्म नेपालका ५६.७ प्रतिशत जनतालाई खुवाउन सक्षम थियो अहिले खाद्य अभावको चपेटामा छ (कृषि जनगणना २०११) । हिमाली र पहाडी क्षेत्रमा कृषि श्रमिकको

अभाव बढेको छ र श्रमिक उत्पादकत्व घटेको छ । तराईमा भू-खण्डीकररण, सिँचाई तथा कृषि साधनको अभावका कारण उर्वर भूमि बाँझिनेक्रम बढ्दो छ साथै उक्त क्षेत्र गैह्र उत्पादनका लागि प्रयोग हुँदै आएको तथ्यांकले देखाउँछ ।

रोजगारीको अभाब, न्यून आय र विश्वव्यापीकरणको प्रभावले समाजमा आएको वैदेशिक अध्ययन, रोजगारी वा अन्य आकर्षणले कृषि कार्य छाडेर विदेशिने युवाहरुको संख्या बढ्दो छ । मानवश्रममा आधारित हाम्रो कृषिक्षेत्र दक्ष श्रम अभावको अवस्थामा छ । गाँउमा रहेका बुढा-पाका महिला, केटाकेटी र अल्पशिक्षित समुदायले पनि कृषि पेशालाई कम निरन्तरता दिन थालेकाले अन्ततः कृषि पेशा कम नाफामुखी र कम ईज्जतिलो भएको महशुस गर्न थालियो । यसैको परिणामस्वरुप कृषि उत्पादनका लागि अब्बल भूमि बाँझिदै र चक्लाबन्धी हुँदै जानाले खाद्यान्न निर्यात गर्ने प्रदेश पनि खाद्य संकटले आक्रान्त छ ।

राज्यका भूमिसँग सम्बन्धित सबै संयन्त्रहरुलाई नियमन गर्ने आधार राज्यले लिने भूमि सम्वन्धि नीति हो । अहिले भूमिको वर्गीकरण सहितको वस्तुपरक भू-व्यवस्थापन निती २०७२ जारी भएको छ । पहिलेका नीति भन्दा थप यसले जमीनको वर्गीकरण, भू-उपयोगका आयमहरुलाई जनस्तरसम्म पुऱ्याउने प्रतिबद्धता लिएको छ । राष्ट्रिय भू-उपयोग आयोजना, कृषि बिकास रणनीति सन् २०१५ र राष्ट्रिय किसान आयोग २०७३ आदि कृषि बिकासको नयाँ आयामको नेतृत्व गर्न र कृषि बिकासको अभियानमा आम कृषक र सरकार तथा कृषि साझेदारहरु सँग समन्वयात्मक तथा प्रभावकारी हुन्छन भन्ने अपेक्षा गर्न सकिन्छ ।

१.२ अध्ययनको सान्दर्भिकता

देश संघिय गणतान्त्रिक ढाँचाको शासन ब्यवस्था अँगाल्ने पहिलो खुड्किलोमा छ र यसलाई चिर प्रतिक्षित आर्थिक समृद्धिको खाका निर्माण गर्ने ऐतिहासिक अवसर प्राप्त भएको मान्नुपर्छ । भूमि स्रोत निस्कृय हुँदै गएका कारण स्थानिय तथा राष्ट्रिय अर्थतन्त्रमा पर्दै गएको प्रतिकूल प्रभावका बारेमा यो अहम सवाललाई राज्यले अख्तियार गरेका र अव गर्ने नीति तथा कार्यक्रमहरुमा सशक्त रुपमा उठाईनु अति आवश्यक छ ।

राज्यका स्थानिय निकायहरु जस्तै कृषि विकास, वन, पशुसेवा, जिल्ला समन्वय समिति तथा राजनैतिक र स्थानिय संयन्त्रहरुका बीचमा समन्वय गरी उत्पादनका दृष्टिले कुनै पनि कारणले

निक्रिय भएका उर्वर भूमिलाई सक्रिय रुपमा खाद्यान्न तथा आर्थिक उपार्जनको आधार बनाउने संयन्त्रहरु बनाउनु आवश्यक छ । दीगो कृषि अभ्यास कार्यमा प्रभाव पार्ने र सन्तुलित भू तथा अन्य श्रोत उपयोगमा बिचलन वा असन्तुलन ल्याउने खालका क्रियाकलापहरु जस्तै शहर केन्द्रित वसाई सराई, कामका लागि विदेश पलायन, खाद्य श्रृखलामा विचलन, श्रम उपादकत्वमा ह्रास आउने क्रम बढेकाले कृषि क्षेत्र उपेक्षित देखिन्छ ।

बाह्य समूदायसँग सम्पर्क बिस्तार, बिद्युतिय सञ्चारमा भएको बिकास, बिश्वब्यापीकरण आदिका कारण आएको सामाजिक उतार-चडाव, खाद्य संस्कृति, सुविधाभोगी मानसिकता र शहरी आशक्तीपन लाई व्यवहारिकरुपमै निराकरण गर्न सहयोग पुऱ्याउने खालका कार्यक्रमको अभाव रहेको हालको अवस्थामा गाउँ केन्द्रित शिक्षा, उर्जा, रोजगारी, स्वास्थ्य लगायतका मानविय आवश्यकता परिपूर्ती गर्ने खालका ग्रामीण पूर्वाधारहरुको निर्माण गरि ग्रामीण क्षेत्रमा हालको शैक्षिक तथा शीपयुक्त जनशक्तिलाई आकर्षित गर्ने खालका कार्यक्रमहरु नीतिमै सिमित छन् । यस्तो अवस्थामा नयाँ पिँढीले कृषिमा भविष्य नदेख्नु स्वभाविक पनि हो ।

राज्यका स्रोतहरुको समुचित र दीगो परिचालनबाट खाद्य अधिकार, खाद्य संप्रभुता साथै जैविक विविधता र पर्यावरण लगायतका आर्थिक, सामाजिक, वातावरणिय पक्षको सन्तुलित विकास गर्दै समुन्नत राष्ट्र निर्माण गर्ने ध्येय नेपालको संबिधान २०७२ ले राखेको छ । देशमा तीनवटै तहका निर्वाचन सम्पन्न पनि भइसकेका र देश आर्थिक बिकासको चरणमा प्रवेश गर्दै गरेको अवस्थामा बाँझो भूमिको सवाल नेपालको राष्ट्रिय अर्थतन्त्रमा प्रत्यक्ष सरोकार राख्ने विषय हो र यो विषयमा राज्यले नीतिगत, व्यवहारिक र वस्तुगत तवरबाट बहस गरि दिगो समाधानका उपायहरु पहिचान गर्नु अनि त्यस अनुरुपका नीति तथा कार्यक्रम अख्तियार गरि सिंगो कृषि क्षेत्रलाई विविधतायुक्त मौलिक खाद्य उत्पादनको श्रोतको रुपमा विकास गर्नु अति आवश्यक देखिन्छ ।

१.३ अध्ययनको उदेश्य

भूमि र खाद्य सुरक्षा अन्योन्याश्रित छन् । दीगो पोषण आपूर्ति र खाद्य संप्रभुता प्रत्याभुत गर्न प्रभावकारी भूमि प्रयोगको बिकल्प छैन । केहि दशकदेखि नेपालमा भूमि निस्कृय रहने प्रबृत्ति बढेको छ । आर्थिक बिकास, रोजगारीका अवसरमा बृद्धि, खाद्य आपूर्ति आदिका दृष्टीले यो राम्रो होइन । यो अध्ययनले भूमि बाँझो रहने कारण स्थलगत सर्वेक्षणका आधारमा पहिचान गरी के

कसरी बाँझो भूमि पुनः प्रयोगमा ल्याउन सकिन्छ र त्यसका लागि भूमि प्रयोगको ढाँचा प्रभावकारी हुने गरि सर्वपक्षिय छलफलबाट निचोड निकाल्ने उद्धेश्य लिएको छ । अध्ययनका अन्य बिशिष्ट उद्धेश्यहरु निम्न अनुसार छन् ।

१) स्थलगत सर्वेक्षण, अवलोकन, सरोकारवालाहरुसँग अन्तरकृया, छलफल आदिका माध्यमबाट भूमि बाँझो रहनुका तात्विक कारणहरु पहिचान गर्ने,

२) बाँझिएको र बाँझो छोड्दै गरेको खेतीयोग्य जमिनलाई के र कसरी पुनः आवाद गर्न सकिन्छ, सुझाव सङ्कलन गरी राय सहितको प्रतिवेदन तयार गर्ने,

३) बाँझै छाडिएको खेतीयोग्य जमिन पुनः प्रयोग गर्न आवश्यक कार्यबिधि तथा कार्य योजना बनाई सिफारिस गर्ने र

४) बाँझो जमिनको उचित उपयोगबाट कृषि क्षेत्रमा अवसर श्रृजनागरी स्थानिय रोजगारी, अर्थतन्त्र, खाद्य तथा पोषण आपूर्तिमा टेवा पुऱ्याउने ।

१.४ अध्ययनको प्रारुप

राज्यका निर्देशक सिद्धान्त, अर्थतन्त्रको ढाँचा, उपलब्ध गराएको साधन श्रोतहरुको उपलब्धता, आम नेपालीहरुको जन-जिवीका, प्राकृतिक श्रोत साधनहरुको प्रयोगलाई मध्यनजर गर्ने हो भने नेपालको आर्थिक विकासमा कृषि क्षेत्रको अहम् भूमिका छ । यो तथ्यलाई नीति निर्माणको तह देखि राज्यका स्थानिय ईकाईसम्म लागुगरिएका वा प्रस्ताव गरिएका कृषि नीति, स्थापित संयन्त्रहरुले प्रत्यक्ष र परोक्ष रुपमा उजागर गरेका पनि छन् । कृषि विकासका रणनीतिक योजनाहरु बनेर कार्यान्वयन पनि भएका छन् । ठूलो परिमाणमा राज्यका साधन श्रोतहरु खर्च भएका छन् तर पनि कृषि क्षेत्रको अपेक्षाकृत उन्नति भएको छैन । यो क्षेत्र आम नेपालीको आवश्यक्ता पूरा गर्न असक्षम भएको छ ।

निर्यात हुँदै गरेको कृषि वजार आयतमा प्रतिस्थापन भएको छ । युवा कृषकहरुले वैकल्पिक जिविकोपार्जनका बाटाहरु खोजेका छन् । उर्वर भूमि अनुपात्दक भएका छन्, बाँझिएका छन् र बाँझिने क्रममा छन् । वन मन्त्रालयको हालैको सर्वेक्षणले वन क्षेत्रको क्षेत्रफल ३९ प्रतिशतबाट बढेर ४४.५ प्रतिशत भएको प्रारम्भिक प्रतिवेदन निकालेको छ (वन मन्त्रालय वार्षिक प्रतिवेदन,

२०७२/०७३) । नेपालको कुल भूमिको क्षेत्रफल बढ्ने कुरै भएन, अनि २०.० प्रतिशत मात्र खेतियोग्य भूमि भएको हाम्रो कृषि क्षेत्रको दायरा वनसँगै बढ्यो ? वा घट्यो ? यो विषयमा सबै तहमा वहस तथा छलफल पनि भएको छैन ।

सवालको वहस, तर्क र तथ्याङ्क पर्याप्त छैन तर यो समस्याले राज्यको सिंगो अर्थतन्त्रलाई पराधिन बनाउने संकेत देखाएको छ । यो अध्ययनले को बाट, कहाँ, कस्तो, कति, कसरी र किन भूमि बाँझिएको छ यकिन गर्न नसके पनि यो सवाललाई सतहमा ल्याउनु, बहुपक्षिय छलफल गराउनु, नीतिगत विकल्पहरु खोज्नु र थप अध्ययनका लागि मार्ग प्रशस्त गर्ने प्रयास गरेको छ । यसबाट आएका निचोडहरु स्थलगत तथ्याङ्क, अवस्था र सरोकारवालाहरुका समस्या समाधानका लागि राखिएका सुझावहरु समेट्ने प्रयास गरेको छ ।

समग्रमा नीति विश्लेषण गर्ने, विश्लेषण माथि बहस गर्न र बहसबाट प्राप्त सिकाईहरुलाई स्थानिय वस्तु स्थितिसँग तुलनात्मक विश्लेषण गरि नीति प्रस्ताव गर्न बाँझो भूमिको सवालमा भएका लेख रचनाहरुको विश्लेषण, नेपाल सरकारका भू-उपयोग सम्बन्धि बनेका नीति तथा कार्यक्रमहरु, कृषि विकास कार्यालयले प्रकाशित गरेका वार्षिक प्रगति प्रतिवेदन र समिक्षाहरु, मन्त्रालयस्तरिय तथ्याङ्कहरु, वैदेशिक रोजगारमा गएका जनशक्तिको बारेमा श्रम मन्त्रालयबाट प्रकाशित दस्तावेजहरुको विश्लेषण गरि श्रम पलायन र खाद्य संकट को अवधारणालाई आधार मानिएको छ । नेपालका सबै जिल्लाहरुबाट श्रमिकको रुपमा युवा जनशक्ति विदेशिएको छ । संख्या फरक होला तर जिल्लास्थित कुल जनसंख्या र जिल्लाबाट बाहिरिएका जनशक्तिको अनुपात मिल्दो जुल्दो छ ।

१.५ अध्ययनका सिमाहरु

अध्ययनका लागि समेटिएका विषयवस्तु प्राप्त भएका विवरणहरु, कृषकहरु, सम्बन्धित क्षेत्रका बिज्ञहरु, द्वितिय स्रोतहरुबाट प्राप्त विवरणहरुका आधारमा अध्ययन अगाडी बढाइएकोले यसमा समावेश भएका विवरणहरु पनि साभार गरिएका विवरणहरुको वैधानिकताबाट प्रभावित हुन सक्छन् ।

अध्ययनका लागि आवश्यक वित्तिय स्रोत प्रच्याप्त नभएकाले प्राथमिक सूचना संकलन पनि योजना मुताविक हुन सकेन । स्थलगत कार्यको दौराहानमा भेट्न खोजिएका विशेष व्यक्ति,

विषय विज्ञ र सरोकारवाला तथा कार्यालयहरुका जिम्मेवार कर्मचारिहरुलाई भेट्न समस्या रह्यो । प्राप्त उत्तरहरुलाई अध्ययन टोलिको बुझाई र अन्य ठाँउमा भएका अध्ययनहरुको सन्दर्भलाई जोडेर यो अध्ययनको विशलेषण र निर्ष्कष निकालिएको छ ।

अध्याय २ अध्ययन विधि

२.१ अध्ययनको तयारीः

क) सवाल बारे प्रारम्भिक विश्लेषण

भूमि बाँझो रहनुका तात्विक कारणहरु पहिचान गर्न र त्यसबाट श्रृजना भएका परिमाणहरु र त्यस्ता समस्या समाधानका सम्बन्धमा सरकार, संघ-संस्था र स्वतन्त्र बिश्लेशकहरुबाट प्रकाशित भएका लेख रचना सुझाव आदि अध्ययन गरि सवाल बारे धारणा बनाइयो ।

ख) प्रश्नावली र रुजुसुची (Check List) निर्माण

अध्ययनको उदेश्य र स्थलगत बस्तुस्थितिलाई आधारमानेर सवाल बारेका तथ्य समेट्ने गरि प्रश्नावली र रुजुसूची (checklist) तयार गरियो । अध्ययन टोलीले तयार गरेको प्रश्नावली र रुजुसूचीमाथि नेपाल किसान आयोग र सम्बन्धित बिषयका बिज्ञहरु सँग प्रश्नावली बारे पृष्ठपोषण लिईयो ।

ग) अन्तिम प्रश्नावली र रुजुसूचीको टुङ्गो

नेपाल किसान आयोग र सम्बन्धित बिषयका बिज्ञहरुबाट प्राप्त सुझाव तथा पृष्ठपोषणहरू लाई आधार मानेर अन्तिम प्रश्नावली र रुजुसूची तयार गरियो ।

घ) स्थलगत कार्यका लागि नमूना छनौट

बाँझो जमिनको सवालबारे स्थलगत तथ्य, सूचना तथा सुझाव संङ्कलन कार्यकालागि जिल्ला, गाँउ र वस्तीहरुको छनौट गर्दा भएसम्म समानुपातिकरुपमा प्रतिनिधित्व हुने गरि चयन गरिएको थियो । प्रादेशिक संरचना अनुसार सबै प्रदेशको प्रतिनिधित्व हुने गरि जिल्ला छनौट गरिएका थिए ।

तालिका नं. २.१ स्थलगत कार्यका लागि नमूना छनौट गरिएका जिल्लाहरु

प्रदेश नं.	स्थलगत तथ्य सङ्कलन गरिएका जिल्ला
प्रदेश नं. १	झापा, सुनसरी र धनकुटा
प्रदेश नं. २	धनुषा र महोत्तरी
प्रदेश नं. ३	रसुवा र काठमाडौं
प्रदेश नं. ४	कास्की र तनुह
प्रदेश नं. ५	रुपन्देहि,
प्रदेश नं. ६	सुर्खेत
प्रदेश नं. ७	कैलाली, डडेल्धुरा र कञ्चनपुर
जम्मा	१४ जिल्ला

२.२ स्थलगत कार्य :

क) सरोकारवाला स्थानिय निकायसँग समन्वय

नमूना छनौटमा परेका जिल्लास्थित सरोकारवाला कार्यालयहरु (जस्तै कृषि विकास, पशु बिकास, मालपोत, सिँचाई, वन आदि) कार्यालयका प्रमुखहरुलाई आ-आफ्नो विषयवस्तु र क्षेत्रसँग सम्बन्धित विविध विषयहरुमा छलफल गर्न र अध्ययनको समग्र उदेश्य साथै उनीहरुसँग अध्ययन टोलीले लिन चाहेको सूचना तथा विवरणहरु उपलब्ध गराइदिनु हुन किसान आयोगको रोहबरमा लिखित अनुरोध अनुरुपको विवरणहरु संकलन गरियो ।

ख) स्थलगत तथ्य सङ्कलन

जिल्लास्थित सरोकारवाला निकायहरुको सुझाव तथा समन्वयका आधारमा जमिन बाँझिदै गरेका गाउँ बस्ति पहिचान गरी त्यस्ता बस्तिहरुमा भूमिसँग सरोकार राख्ने संघ संस्था, नगरपालिका, गाँउपालिकास्तरका सामाजिक परिचालक, राजनैतिक पार्टीका प्रतिनिधि, युवा समूहका प्रतिनिधि र कृषकहरुको बिचमा बाँझो भूमिको सवाललाई आधार मानेर समूदायस्तरिय साक्षात्कार गरियो । यस्ता छलफल र सहभागिहरुको सुझावमा बाँझो जमिन पुनः प्रयोग गर्न के-कस्तो कार्यबिधि बन्नु उपयुक्त हुन्छ भन्ने राय सुझावको खाका तयार पारियो ।

२.३ विश्लेषण बिधि

क) तथ्याङ्क तालिकीकरण

अध्ययन टोलीले अध्ययनका क्रममा संकलन गरेका विभिन्न सूचना तथा तथ्याङ्कहरुलाई आवश्यकमात्रामा वर्गिकरण गरी मस्यौदाका लागि आवश्यक सूचनाहरुलाई सहज तथा वैज्ञानिक विश्लेषण विश्लेषण गर्न तालिकीकरण गरियो ।

ख) अध्ययन मस्यौदा तयारी

अध्ययनको बिषय र उद्धेश्यसँग सम्बन्धित सूचना तथा तथ्याङ्कलाई विश्लेषण गरि नेपाल किसान आयोगले तोकेको ढाँचामा अध्ययन मस्यौदा तयार गरि आवश्यक पृष्ठ पोषणको लागि राष्ट्रीय किसान आयोगमा पठाइयो ।

ग) अन्तिम मस्यौदा तयारी

नेपाल सरकार राष्ट्रीय किसान आयोग, विभिन्न निकाय, विशेषज्ञ, व्यक्ति तथा संस्थाहरुबाट प्राप्त हुने पृष्ठपोषणलाई यस अध्ययनको अन्तिम मस्यौदा तयार गरि किसान आयोगमा बुझाइने छ ।

२.४ प्रतिवेदनको ढाँचा

यो अध्ययन निस्कृय भूमि के र कसरी प्रभावकारी रुपमा प्रयोग गर्न सकिन्छ भन्ने सबालमा केन्द्रित रहेको हुनाले यसमा राज्यले अहिलेसम्म गरेका नीतिगत प्रयास, अन्तराष्ट्रिय अभ्यास र स्थलगत बस्तु स्थितिको त्रिकोणात्मक बिश्लेषण गरी त्यसकै आधारमा अध्ययनको निचोड निकाल्नु उपयुक्त भएको अध्ययन टोलीको ठहर छ ।

संबन्धित मन्त्रालय, बिभाग र बिशेष गरी राष्ट्रिय किसान आयोगको सुझाव, निर्देशन तथा मध्यस्थता अध्ययनका लागी प्रभावकारी भएको कुरालाई प्राथमिकतामा राखिएको छ ।

अध्याय ३ अध्ययन बिश्लेषण

बढ्दो खेती योग्य भूमी बाँझिदै जाने चलन र खाद्य परनिर्भता हाल नेपालको टड्कारो चुनौती बन्दै आएको परिवेशमा प्रस्ताव गरिएको यो अध्ययनले तलको ढाँचामा बिश्लेषण गरेको छ ।

चित्रः ३.१ अध्ययनको खाका



भूमि निस्कृय रहने सवाललाइ गहिराइ सम्म पुगेर अध्ययन गर्ने र त्यसअनुरुपको सिकाइ सिल सिलेवार प्रस्तुत गर्ने पयासमा चित्रानुसारको ढाँचामा आत्रारित भएर बिश्लेषण गरिएको थियो ।

३.१ नेपालको भूगोल र जनसंख्या बितरणको स्थिति

नेपालको भू-धरातल र जनसंङ्ख्या वितरण श्रृंखला अन्योन्याश्रित छन् र समूचित आर्थिक सामाजिक विकासमा यहाँको भौगोलिक बनावटले प्रत्यक्ष प्रभाव पारेको छ । जनजीविका, आर्थिक सामाजिक विकास, अवसरमा पहुँच जस्ता मानव विकासका लागि अत्यावश्यक

पूर्वाधारहरुको समूचित वितरणमा भौगोलिक कठिनाई हुनु, राज्यका तर्फबाट वितरित सेवा प्रवाहमा एकरुपता नहुनु, सुगममा बसोवास गर्ने नागरिकको जीवनस्तर दूर्गममा वस्नेहरुको भन्दा उच्च रहनु आदि कारणले सबै ठाउँका वासिन्दाले राज्यबाट पाउँनु पर्ने सेवा सुविधा समान रुपमा पाएका छैनन् भन्ने नै दर्शाउँछ तसर्थ अभावबाट सुभावतिर लम्कने मानवीय स्वभावका कारण आन्तरिक र बाह्य बसाँइ-सराई बढेको हुन सक्छ ।

समय- समयमा हुने सामाजिक तथा राजनैतिक उथल पुथलका कारण र प्राकृतिक विपत्तिको मार थेग्न नसकेर सुरक्षित आवासका लागि विस्थापित हुनैपर्ने वाध्यकारी अवस्थाहरु आइरहनाले पनि बसाइँ-सराईलाई बढावा दिएको छ ।

अर्को तर्फ भारतमा सदियौँदेखि बस्दै आएका नेपाली मूलका नागरिकहरु जो नेपाली नागरिकता लिने कानूनी हैसियत राख्छन्, उनीहरुको रोजाईमा पनि तराईका सुगम बस्तिहरु नै पर्दछन् । यसरी हिमाल, पहाड र भारतका भिन्न-भिन्न ठाउँहरुबाट बसाइँ सर्ने चलनका कारण गएका तिन दशकमा तराइको जनसंख्या चौगुणा बढेको छ भने पहाड तथा हिमाली बस्तिहरु खाली हुँदै गएका छन् ।

३.२ खेति योग्य भुमी प्रयोगको स्थिति

विगत केहि समय यता खास गरी पहाडी र मध्यपहाडी क्षेत्रमा भूमि बाँझो छाडिनेक्रम बढ्दै गएको देखिन्छ । यसका पछाडि याबत कारणहरु भएपनि यसको परिणाम असिमित खाद्य आयात र खाद्यान्नमा पर निर्भरता बढेको राष्ट्र बैङ्क तथा अन्य सरकारी निकायहरुबाट प्रबाहित तथ्याङ्कहरुले देखाउँछन् । कुल क्षेत्रफलको २१.० प्रतिशत भूमि खेतियोग्य भएको तथ्याङ्क छ जसको ४०.३ प्रतिशत जमीन पहाडी क्षेत्रमा पर्छ (कृषि गणना, २०११) । यहि क्षेत्र जुन गएको दशकसम्म नेपालका ५६.७ प्रतिशत जनतालाई खुवाउन सक्षम थियो अहिले खाद्य अभावको चपेटामा छ (कृषि जनगणना २०११) । हिमाली तथा उच्च पहाडी भू-भागका फाँटहरुमा भने सदियौँदेखि चलिआएको खोरिया खेती हाल लोप हुने स्थितिमा छ । बसाइँ-सराई र श्रम पलायनका कारण खेती-बाली उत्पादनमा प्रयोग हुँदै आएका उर्बर खेतबारीको परिमाण बर्सेनी घटी रहेको स्थिति छ ।

अको तर्फ हाम्रो परम्परागत खेती प्रणाली ब्यक्तिगत भए पनि खेतीमा प्रयोग हुने प्राकृतिक स्रोतहरु जस्तै पानीका स्रोत, कुलो, परम्परागत तार-घाटका साधनहरु, भू-ब्यवस्थापनका कार्यहरु सामूहिक प्रकृतिका छन् किनकि परम्परागत रुपमा प्रयोगमा ल्याइएका यस्ता स्रोतहरु थोरै जनशक्तिको प्रयोगबाट कृषिसाधनको रुपमा कृषकसम्म ल्याउन कठीन छ । पहाडी क्षेत्रको सिँचाइ अहिलेसम्म पनि स्थानिय परम्परागत शीपमा आधारित छ र यो मौसमी प्रकारको छ । जस्तो पहाडी क्षेत्रमा हिउँद लाग्दै जाँदा पानीका श्रोत सुक्दै जाने र वर्षा लागेसँगै यस्ता श्रोतहरु प्राकृतिक रुपमै श्रृजिन्छन् जसले गर्दा कृषि व्यवसाय सुचारु गर्न कठिन हुने गर्छ ।

स्थायी नदीहरुबाट सिँचाई ब्यवस्थापनका लागि राज्यका तर्फबाट नगन्य भएको हालको अवस्थामा ७६.७ प्रतिशत साना किसान रहेको नेपाली कृषि उपहासको रुपमा चित्रित भएको जस्तो देखिन्छ । किसान भएभरको मेहनत र लगानी गर्छन् तर के प्रतिफल पाईन्छ ढुक्क हुने अवस्थामा छैनन् । जलवायू परिवर्तन र यसबारे तात्विक ज्ञान नभएका आम कृषक प्राकृतिक विनासको दोष आँफैलाई दिन वाध्य छन् । अर्कोतर्फ सपना तेर्स्याउँछन् र सोच्छन् अर्को पटक समयमानै वाली लगाउँला, मल बिउ पनि समयमै जोहो गरौँला, पानी पनि ठीक समयमा नै पर्ला अनि कसो नफल्ला ? तर फल्ने कहिले ? कृषकलाई यस्ता दिन त्यतिबेला आउला जव कृषक र कृषि विकासका नाममा राज्यका तर्फबाट गरेका कानूनी तथा नीतिगत निर्णयहरु सहि कार्यान्वयन हुन्छन् र कृषि श्रोत तथा सेवा वितरणको ढाँचा बनाउँदा आम कृषकको सहभागिता र हाम्रो कृषि धरातललाई आत्मसात गरिन्छ । तर यहि अवस्था रहिरिहे यूवा पलायनको हालको अवस्थाले विकराल रुप लिने निश्चित छ र भूमि बाँझिनेक्रम झन बढ्ने छ ।

३.२.१ उपत्यका लगायत तराइ र अन्य शहरी क्षेत्र

यो क्षेत्र भू-खण्डीकरणको चरम अवस्थामा छ । भूमि सुधार मन्त्रालयको २०७३/७४ को प्रगति विवरणले भूमिको राजश्व वृद्धि २५० प्रतिशतले भएको देखायो (भूमि सुधार मन्त्रालयको २०७३/७४) राज्यको एक अंगले लक्ष्य भन्दा सयौं गुणा बढी प्रगति त गरेको देखियो तर उत्पादन र कृषि अर्थतन्त्रको सान्दर्भिकतालाइ हेर्ने हो भने यो राम्रो संकेत होइन । यस बिषयमा १ रोपनी.कम लेख्छ नेपाल घरजग्गा कारोबारमा उदिएमान नभए पनि गत दुई दशक देखि पैसा वाल नेपालीहरुका लागि सुरक्षित र उच्च प्रतिफल दिने एक मात्र व्यवसाय हो । भवन निर्माण विभाग बाट ती व्यवसायीले लिएको निर्माण स्विकृतिका तथ्यांङ्कले यो कुरा पुष्टि गर्दछ ।

तीन दशक देखि उपत्यकाबाट शुरुभएको घरजग्गा कारोवारले राज्यको अर्थतन्त्रको ठूलो हिस्सा ओगटेको छ र देशको ठूलो पूँजी अनुत्पादक क्षेत्रमा गइरहेको छ । गत दशकबाट देशका सबै जिल्ला सदरमुकाम र बाटाले छोएका समथर क्षेत्र धान्नै नसक्ने गरि टुक्रिएका छन । गत ३० बर्षमा यस्ता क्षेत्र हरुको खेति योग्य भूमि ४५ प्रतिशतले खेती इतर क्षेत्रमा गएको अनुमान गरिएको छ । यस बारेमा जि.पि.एस. सहितको तथ्याङ्क अति आवस्यक छ ।

३.२.२ पहाडी र हिमाली क्षैत्र

बि. सं. २०३७ साल संम्ममा राष्ट्रीय स्तरको कार्यक्रम मार्फत देशको कुल खेती लागेको भूमिलाइ नीजि स्वामित्वमा लगेको देखिन्छ । त्यो बेलाको नेपालको कुल जनसंख्यमको ७० प्रतिशत भन्दा बढी नागरिकको बसोबास पहाडी र हिमाली क्षैत्रमै भएको कुरा त्यसबेलाका जनगणना, कृषि गणना र जीवन स्तर संबन्धि गरिएका अध्ययनहरुले देखाएका छन् ।

अहिले देशको ५६ प्रतिशत जनता तराइमा छ भजे १७ प्रतिशत उपत्यका लगायतका शहरी क्षेत्रमा छ । यसरी हेर्ने हो भने पहाडी र हिमाली क्षेत्रको जनसंख्या कुल जनसंख्याको ३० प्रतिशत भन्दा कम छ । हर्को सबाल के भने गत ३० बर्षमा पहाडी र हिमाली क्षैत्रको जनसंख्या ४० प्रतिशतले घटेको देखिन्छ र त्यो जनसंख्याले उपत्यका लगायत तराइ र अन्य शहरी क्षेत्रको कति भूमि ओगटो भन्ने खोजिको बिषय बनेको छ ।

अर्को तर्फ पहाडी र हिमाली क्षैत्रबाट बसाइ सरेका मान्छे भू स्वामित्व हस्तान्तरित छ या छैन । हाल श्रमका लागी बिदेशिने युवाको संख्या पनि पहाडी र हिमाली क्षैत्रबाटै बढी छ । यी क्षेत्रमा भएको भु स्वामित्व हाँफै राखेर शहर पसेकाले जमिन हावाद गर्ने कुरै भएन र उहाँ बसेर श्रम गर्ने श्रमिक बिदेशिए पछि कस्ले खेति लगाउछ भन्ने सवाल पनि अहम छ । यसरी हेर्दा यी ठाउँहरुको खेती लाग्ने गरेको क्षेत्रफल गत ३० बर्षमा जनसंख्या घटे सरह नै घटेको मान्न सकिन्छ ।

३.३ नेपालको कृषि श्रम र श्रमबजार

हाल ग्रामीण भेगमा कृषि मजदुरको अभाव छ र यसको अभावसँगै श्रमिक उत्पादकत्व घटेको छ अनि श्रम मूल्य बढेको छ । आफ्नो जमिनमा कमाई हुने हो वा होईन भन्ने बिषयमा कृषकहरु ढुक्क हुने अवस्था छैन । जमिन बाँझिन सक्ने कृषकहरुको त्रासलाई अहिले सरकारी

निकायहरुबाट प्रकाशित तथ्याङ्कहरुले पनि इङ्गित गरेका छन् । करिव ३३.० प्रतिशत भूमि बाँझो रहेको कुरा सरकारी तथ्यांङ्कले देखाउँछ (कृषि विभाग, २०७३) । कुन ठाँउमा कहिले, कसबाट कुन रुपमा कति जमिन बाँझो छाडिएको छ भन्ने यकिन तथ्याङ्क नभए पनि प्रति व्यक्ति आन्तरिक खाद्य उत्पादनको आँकडा र खाद्य आयातको अवस्थालाई आधार मान्ने हो भने नेपाललाई कृषि प्रधान देश र कृषिमा आधारित अर्थतन्त्र भनेर रटान गरिरहनु नै बेकार जस्तो भएको छ ।

३.४ नेपालको कृषि उत्पादन, उत्पादकत्व र बितरण प्रणाली

भू -उपयोग

(क) २०७३/७४ को बजेट बक्तव्यको बुँदा १६० ले भूमि बाँझो राख्ने किसानहरु बाट उत्पादनको २५.० प्रतिशतसम्म कर असुल्ने व्यवस्था गरेको छ । यस्तो व्यवस्था कार्यान्वयन गर्न चुनौती पनि होलान् तर सिँचाई, कृषि साधन, बिउ र अन्य न्यूनतम सर्त परिभाषित नभई भएका यस्ता घोषणाले कृषकहलाई कस्तो असर पार्दछ भन्ने बिषयमा मूल्याकन गर्नु आवश्यक छ । पुनः उत्पादनको अनुमान कुन वालीमा कसरी गर्ने भन्ने यकिन छैन । अतः कर असुल्नेभन्दा भूमि बाँझो छोड्न नदिन राज्यले प्रोत्साहित गर्ने वा सो जमिन बाँझो छोड्नाका कारण पत्ता लगाई त्यस्ता ठाउँहरुमा सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गर्नु उपयुक्त हुने देखिन्छ । कर असुल्ने उद्देश्यका लागि ठाडो मूल्य नतोकि उक्त जग्गामा हुने गरेको वा हुन सक्ने वालीहरु लाई समेटि मूल्यांकन गर्ने र यसलाई देश व्यापीरुपमा सवैलाई जागरण पैदागर्नु उपयुक्त हुन्छ ।

(ख) करिव ७६.० प्रतिशत भन्दा बढि कृषकहरुसँग एक हेक्टरभन्दा कम भूमि भएको यो अध्ययनले देखायो । धेरै जसो किसान परिवारसँग आफ्नो भू-स्वामित्व नभएको अवस्थामा कृषक तहबाट हुनु पर्ने लगानी र व्यवस्थापनमा असर परेको छ । भूमिलाई आर्थिक उपार्जन, सामाजिक, राजनैतिक हैसियतसँग जोड्नभन्दा उत्पादनको साधनको रुपमा प्रयोग गर्नु बढि सार्न्दभिक हुनु पर्ने हो तर भूमि व्यक्तिगत स्वामित्वमा जाँदा भूमिको प्रयोग कृषि माध्यमको सट्टा व्यापारिक साधन जस्तो भएको अवस्था छ । बिचौलियाको चलखेल कानूनि दायरामा आउँनु जरुरी छ, भूमि कारोबारको निश्चित मापदण्ड बनाई व्यवस्थित गर्ने नीति बन्नु आवश्यक छ ।

समन्वय, कृषि प्रसार र बजार

(क) जिल्लास्थित कृषि, वन, पशुसेवा, भू संरक्षण, जि.स.स. लगायतका स्थानिय विकास, स्रोत परिचालन, जीविकोपार्जन, कृषि व्यवसायीकरण जस्ता स्थानीय उत्पादन र रोजगारीलाई व्यवस्थित गर्ने संयन्त्रहरुमा कार्यगत एकता, समन्वय र साझा रणनीतिको अभाव भएको कृषकहरुको बुझाई छ । यसले गर्दा स्थानीय निकायका सम्बन्धित कार्यालयले गर्ने खर्चको ठूलो हिस्सा प्रसासनिक र व्यवस्थापकीय कार्यमा खर्च भई खुद लगानीमा जाने कोषले आयोजनाको स्तर र गुणस्तर कमजोर हुने, दीगो नहुने र तुलनात्मक लाभ कम हुने परिपाटीमा सुधार गर्नसके युवा किसानलाई कृषि कार्यमा आकर्षित गर्न सकिन्छ ।

(ख) "कृषि वन, पशुसेवा, सिचाई र वातावरण विभागका स्थानिय संयन्त्र र सेवा केन्द्रहरु कृषकका लागि की ? यी संयन्त्रका लागि कृषक ?" छुटयाउन नसकिने अवस्था रहेको कृषकको ठहर छ । कृषकका तर्फबाट माग गरिने सेवा सुविधा र सहयोग जिल्ला वा केन्द्रसँग मागिन्छन् तर कृषकसम्म नपुगेको कुरा अध्ययनमा सहभागी ५९.० प्रतिशत कृषक बताउँछन् । कृषक र कृषि विकासका लागि दिईने सेवा अपारदर्शी भएकाले यस तर्फ समयमै ध्यान जानु जरुरी छ ।

(ग) उन्नत खेती, बाली प्रजाती, बाली व्यवस्थापन बारेका तालिम, अभिमुखीकरण, अवलोकन जस्ता अवसरहरुमा साना किसानको पहुँच न्यून छ । यस्ता अवसरमा पहुँच या त शिक्षक, राजनीतिकर्मी वा चिनजान विशेषले पाएका छन् या तोकिएको समुदाय क्षेत्र वा वर्गलाई प्रतिनिधित्व गर्नेले पाउने गरेको तथ्यांङ्क छ । वास्तविक किसान त्यसमा पनि जातीगत रुपमा माथिल्लो वर्ग मानिने समूहबाट यस्ता अवसर लिनेको खोजी गर्दा यो अध्ययनमा सहभागी मध्ये १०.० प्रतिशत भन्दा कम थियो ।

(घ) कृषि साधन र बजारको नियन्त्रण तथा व्यवस्थापनमा नत सरकारको उपस्थिती छ नत उत्पादककै नियन्त्रण छ । यसको नियन्त्रणको जिम्मेवारी बारे किटान नभएरै हुन सक्छ कृषक कृषिका नाममा नगद र समय दुवै खर्च गर्नुभन्दा किनेर खानु राम्रो भन्ने चिन्तनमा छन् ।

(ङ) नेपाली उपज भारतीय वजारमा लोकप्रिय छन् र माग पनि राम्रो भएको काकडभिट्टा र विराटनगरका भारतीय व्यापारीबाट जानकारी पाईयो तर भारतीय कृषि उपज जती सजिलै नेपाल भित्रिन्छन् त्यसैगरी नेपाली उत्पादन भारतीय बजारमा पुऱ्याउन नसकिने जानकारी यो व्यवसायमा संलग्न व्यवसायीहरु वताउँछन् । यस बारेमा स्थानिय निकायसँग सुझाव माग्दा दुवै तर्फका केन्द्र बाटै सामाधान खोजिनु पर्ने भनाई थियो । महङ्गो उत्पादन, ढुवानी र श्रम लागत अनी बाली विमाको व्यवस्था नभएको हालको परिवेशको विकल्प किसानलाई नदिए सम्म भूमि बाँझो हुने क्रम झन बढ्ने देखिन्छ ।

(च) भाडाका कृषियन्त्र, भण्डारण, कृषि सूचना आदि जो कृषकले लिन सक्ने आम्दानिको तुलनामा महंगा र खर्चिला भएकाले आम्दानीको तुलनामा उत्पादन लागत बढ्ने भएकाले कृषकहरु राज्य पक्षबाट सहयोगको अपेक्षा गर्दछन् ।

३.५ भू-खण्डिकरण, वातावरण र पूर्वाधार

(क) भू-खण्डिकरणले उत्पादनमा ह्रास मात्र नभएर बाली छनौटमा एकरुपता नहुने, खेती कार्यका लागि समस्या हुने, साधन खरिद र प्राविधिक सेवा लिन अफ्ठ्यारो हुने कारणले भूमि बाँझै राख्ने चलनलाई निरुत्साहित गर्न संयन्त्र बन्नु पर्दछ । एक गाँउ एक वस्तु एक उत्पादनको कल्पनालाई साकार पार्नु उपयुक्त नै देखिन्छ । यसका लागि माटो र जलवायु परीक्षण गर्नु जरुरी छ ।

(ख) कृषि सडक, कृषि पाठाशाला, कृषि पात्रो, भण्डारण, बजार जस्ता कुराहरुले कृषि उत्पादनमा सहजीकरण गर्दछन् । जिल्लास्तरमा वनेका कार्यक्रममा यस्ता कुराहरुको उल्लेख पनि छ तर कृषक तहसम्म पुग्दा यस्ता विधि प्रयोग भएकै पाईदैन तसर्थ कृषि उत्पादनमा प्रत्यक्ष असर पार्ने न्यूनतम विकल्पहरु जस्तै कृषि सूचना, पात्रो, पाठशाला, फुर्सदी फार्म लगायतका कृषि सहजिकरणका उपायहरु कृषकको पहुँचमा पुग्नु आवश्यक छ ।

(ग) कृषिको ज्ञान, सिप र क्षमता विकासमा राज्य तर्फबाट र गैर सरकारी निकायबाट राम्रै प्रयास भएको यो अध्ययनका सहभागिहरुले उल्लेख गरेका छन् तर यस्ता तालिम गोष्ठि लगायतका सिप मूलुक कार्य गर्दा प्रयोगात्मक पक्ष अति नै कमजोर देखियो । यस

अध्ययनमा सहभागी हुने कृषक मध्ये ६३.० प्रतिशतले कृषि तालिम लिएका तर त्यसलाई व्यवहारमा ल्याउन ५ प्रतिशतले मात्र सकेका रहेछन् ।

कृषि तालिम र प्रचार प्रसारको नाममा भएका लागानीले कृषकहरुको व्यवहारिक ज्ञानमा खासै प्रभाव पारेको पाईएन । तालिमका नाममा सैद्धान्तिक र सतहि कुरा गर्दा राज्यको कोष र कृषकको समय दुवै अनुत्पादक रह्यो । खेती नगरेका स्थानिय नागरीकहरुले पनि यस्ता तालिम लिएको देखियो र उनीहरुलाई कृषि औजार समेत प्रदान भएको तर ती औजार प्रयोगमा ल्याएको पाईएन । सिप जे सिकाईन्छ त्यहि व्यवहारमा लागु गर्न सक्ने गरि संयन्त्र बन्नु आवश्यक छ ।

३.६ कृषि नीति, योजना तथा संयन्त्रहरु

(क) राज्यले अघि सारेका युवा लक्षित कृषि योजनाको वास्तविक खाका कृषकसम्म पुगेको र त्यसबाट लाभान्वित हुने कृषकहरुको संख्या यो अध्ययनले खोज्ने प्रयास गरेको थियो । तर त्यस्ता कार्यक्रम प्रभावकारी भएको पाईएन । जिल्लास्थित सरकारी संयन्त्रहरु (जिल्ला समन्वय समिति, कृषि विकास, वन, पशु सेवा, महिला विकास लगायतका संयन्त्रसँग जिज्ञासा राख्दा यि निकायहरुबाट दिईने सेवाको प्राविधिक पक्ष सन्तोषजनक नभएको यि निकायहरुनै स्विकार्छन् ।

सरकारी सेवाको ढाँचा उत्पादनमुखि भन्दा पनि नियमन वा व्यवस्थापकिय प्रकारको छ । वितरित सेवाले कति प्रतिफल दियो भन्ने कुरा मुख्य हुनु पर्ने हो तर व्यवहारमा सेवा नियमसंगत वितरण भएको छ वा छैन भन्ने कुरालाई ध्यान दिईयो । तसर्थ कृषि सेवा माग र पहुँचका आधारमा होईन प्रतिस्पर्धी प्रतिफलका आधारमा हुने परिपाटि बसाल्नु उपयुक्त हुने र राज्यका तर्फवाट वितरीत कृषि सेवा दलित, महिला, सिमान्तकृत समूह विच प्रतिस्पर्धी उपलब्धिका आधारमा वितरण हुने प्रणाली बस्नु पर्छ । यो प्रस्ताव कृषि क्षेत्रबाट मात्र गुजारा चलाई रहेका र यस अध्ययनमा सहभागी भएका शत प्रतिशत कृषक परिवारको हो ।

(ख) कृषि विकासका लागि कृषि पूर्वाधार होस् वा परीक्षण अथवा दिगो विकल्पका लागि नयाँ परीक्षण र यसबाट सफलसिद्ध भएका उपलब्धि कृषकतह सम्म पुऱ्याउन आवधिक

योजना र लगानी आवश्यक पर्दछ । कृषकहरु बालीका विविध प्रयोगबारे जानकार पनि छैनन् र सम्भावित जोखिम बहन गर्न सक्ने अवस्थामा पनि छैनन् । यसले गर्दा खेतिका नयाँ नमूना विस्तारको नेतृत्व, लगानी र व्यवस्थापन बारेको संयोजनको जिम्मेबारी राज्यले लिनु पर्ने हो तर अहिलेको अवस्थामा राज्यका तर्फबाट खटिने कृषि विज्ञ, व्यवस्थापक, प्राविधिकहरुको पदस्थापन र चालु कार्यक्रमहरुको बिचमा कुनै तालमेल छैन । एउटाले योजना बनाउँछ कार्यान्वयन गर्न अर्कै आँउछ र नियमन गर्ने अर्कै हुन्छ । यि तिनवटैको समग्र उपलब्धि कार्यक्रमले दिने प्रतिफल हो र यसको जिम्मेबारी कसले लिने ? त्यसकारण नेतृत्व फेरिदा चालु कार्यक्रम, योजना र लगानीमा निरन्तरता हुनु अति आवश्यक छ र यसका लागि सन्तुलित वातावरण वन्ने संयन्त्रको साथै स्थिर कार्य प्रणालीको व्यवस्था हुनु जरुरी छ ।

(ग) उच्च प्रतिफल दिने नमूना वाली, भू-वनोट र माटो सुहाँउदो प्रविधि, भण्डारण, बजार आदि औधोगिक कृषिका आधार हुन् । यस्ता आधारको विकास, विस्तार र प्रयोगबारे ठोस कार्य गर्नका लागि स्थानिय संयन्त्रहरुमा आवश्यक व्यवस्था नभएका कारण युवा लक्षित कृषिको सम्भावना अधिक हुँदा हुँदै पनि युवा श्रम विदेशिएको अवस्था छ ।

राज्यले वैदेशिक श्रमलाई निरुत्साहन गर्न वैदेशिक रोजगारबाट हुने प्रतिफलभन्दा युवा लक्षित कृषि कार्यक्रमबाट हुने प्रतिफल राम्रो र दिगो हुन सक्ने विकल्पको खोजी र प्रयोग गर्ने वातावरण बनाउनु आवश्यक छ । युवा लक्षित कृषि ऋण र फार्म गुणस्तर नियनत्रणको व्यवस्था गर्नु जरुरी छ ।

(घ) पशु तथा बाली बिमा, करार (contract) खेती, सहकारी खेतीका विविध पक्षबारे बहस छलफल भएका छन् तर यि अभ्यासको कानूनी तथा व्यवहारिक ढाँचा सञ्चालन संयन्त्र र विस्तार कार्यका लागि आवश्यक पूर्वाधार निर्माणमा राज्यका तर्फबाट नीति नियम र सरल प्रकृयाबाट भूमि करारमा लिने व्यवस्था गर्ने, बाँझो जमिन संझौंतामा आधारित वा सहकारी खेतीको सहुलियत व्यवस्था जरुरी छ । जमिन बाँझो राख्नेसँग यो व्यवस्थाका लागि सहकार्य गर्न जरुरी छ ।

(ङ) दिगो जीविकोपार्जन र व्यवसायिक खेतीको आधार हाम्रो सर्न्दभमा त्रिशंकु प्रकारको छ । यो खेती, पशुपालन र वन क्षेत्रको सन्तुलित प्रयोगबाट धानिएको छ तर स्थानिय तहमा

जिविकोपार्जन सम्वन्धमा यि निकायले वहन गर्ने एकिकृत भूमिका र जिम्मेबारीमा तालमेल पाईएन । स्थानिय तहका यी निकायहरुको जिम्मेबारी बारे संयोजनकारी भूमिका निर्वाह गर्ने सयन्त्र बन्नु आवश्यक छ ।

(च) कृषिमा प्रयोग हुने हालको प्रविधि परम्परागत छ । क्युवा, थाईल्याण्ड, भियतनाम लगायतका देशको परम्परागत कृषि प्रविधिलाई हेर्ने हो भने यहाँका अनुभवि कृषकहरुको परम्परागत ज्ञान कम महत्वपूर्ण छैन तर राज्यले व्यवस्था गरेका कार्यक्रमहरुले यस्ता परम्परागत सिपलाई परिस्कृत गर्ने, संरक्षण गर्ने र प्रचार प्रसार गर्ने काममा ध्यान नै नगएको अवस्था छ ।

परम्परागत सिपलाई प्रोत्साहन र विकास प्रति ध्यान नदिने र आधुनिक खेती, साधन र प्रविधिबारेमा किसानहरुमा ज्ञान नै नभएका कारण हाम्रो कृषि विकासको प्रयासले गति नलिएको हुन सक्छ । तसर्थ परम्परागत सिप र आधुनिक कृषिका प्रयोग बारे संयोजनकारी भूमिका बहन गर्ने संयन्त्र बन्नु आवश्यक छ ।

(छ) उन्नत बिउ, कृषि रसायन र प्रबिधि राम्रो प्रतिफलका लागि हुन यसमा दुई मत छैन तर यस्ता वस्तुहरुको गुणस्तर कस्तो छ ? उत्पादन प्रक्रिया के हुनुपर्छ ? माटोमा हुनुपर्ने न्यूनतम तत्वहरु कति छन् ? यी र यस्ता पक्षबारे हाम्रा किसान अनभिज्ञ छन् ।

किसानको हित र उत्पादनको सुनिश्चतालाई राज्यले अहम भूमिका खेल्नु पर्ने हो तर यो अध्ययनको क्रममा कुल १८३ जना सहभागि मध्ये ९१.० प्रतिशत सहभागीहरुले कृषि साधन र सेवा स्थानिय व्यापारीबाट लिएको गुनासो गरे ।

(ज) जलवायु परिवर्तनका कारण उत्पादनमा आउने ह्रास र जोखिम व्यवस्थापनबारे शुसुचित गर्ने संयन्त्र कमजोर छ । जलबायु अनुकुलनको व्यवहारिक ज्ञान नहुनु, बाली चक्र परिवर्तन हुँदै जानु, परम्परागत बिऊको सट्टा वर्णशंकर (Hybrid) बिउको प्रयोग हुनु जस्ता कुराहरुले कृषकहरुमा खेती प्रति कम लगाव हुँदै गएको र यसको व्यवस्थापनका लागि अहिलेको स्थानिय संयन्त्र पर्याप्त नभएको कृषकको गुनासो छ ।

३.७ अध्ययनको सिकाई एब विश्लेषण

जग्गा बाँझै छोड्दा स्थानिय कृषि कार्यका मौलिक परम्परा, औजार, शिप, श्रम र खाद्य संस्कृतिमा विचलन आई पोषणयुक्त स्थानिय खाद्य श्रृखला लोप भएको र खाद्यान्नका लागि परनिर्भरता बढेको छ । हाम्रा परम्परागत, मौलिक खाद्य परिकारलाई उद्योगबाट उत्पादित तयारी खाद्य पदार्थले विस्थापन गरेका छन् । यसले मानव स्वास्थमा पार्ने दुरागामी असर त छँदै छ र न्यून आय भएका र श्रमजिवी नागरिकहरुका लागि ठूलो व्ययभार पनि थपिदिएको छ । हाम्रो खाद्य संस्कृति बदलिएको छ तर हाम्रो आर्थिक हैसियत खस्कँदो क्रममा छ ।

भूमि बाँझिने सँगै नीजि प्रयोग तथा आय आर्जनका लागि पालिने पशु-पंक्षी तथा चौपायको संख्या घट्ने र यससँगै प्राप्त भएको न्यून रोजगारी र आयआर्जनको अवसरबाट कम आय भएका परिवार आर्थिक उपार्जनको अवसरबाट बञ्चित छन् । यसमा पनि महिला, जनजाति र सिमान्तकृत समुदायलाई प्रभाव पारेको छ ।

जमीन ओगट्नेहरुले राखेका सर्त पालना गर्ने हो भने जोताहा किसानले अरुको जमिन जोतेर प्रतिफल त परै जाओस लगानीसम्म पनि उठ्न नसक्ने अवस्था छ । झापा जिल्लाको कमल गाँउपालिका वडा नं. ३ की कृषक कल्पना पौडेल आफन्तकै १ बिगाहा खेत अधियाँमा कमाउँदी रहिछन् । हाम्रो गाउँ स्तरिय भेलामा उपस्थित उनले गतसाल १४०० के. जि. धान उत्पादन गर्दा सर्त अनुसार १२०० के. जि. जग्गा धनीलाई दिइन तर त्यहि धान उत्पादन गर्न लागेको उनको श्रमको मुल्य र नगद लगानी हिसाव गर्दा किनेर खाँदा नाफा देखियो । कल्पना एक प्रतिनिधि पात्र मात्र हुन् ।

धनकुटाको कृषि तथ्याङ्क हेर्ने हो भने केहि दशक अघिसम्म समाजका अगुवा वा उच्च घरानियाहरुको स्वामित्वमा रहेका खेतवारी खनजोत गर्ने कृषि मजदुरहरुमा आदिवासी, जनजाती, दलित, महिलाहरुकै बाहुल्यता थियो । हुने खाने र उनीहरुका सन्ततीहरुको शहरी मोहकाकारण शहर पसे सँगै ठेक्का वा अधिया शर्तमा भएपनि खेत नभएकाहरुको खेतिमा पहुच पुगेको देखियो । तर आर्थिक रुपमा विपन्न परिवारको खेतिवाल हुने अवसर र त्यसबाट पाईने प्रतिफल कल्पना पौडेलको भन्दा राम्रो पाईएन । यसमा राज्यले दिने सुविधाहरुको पनि कमजोरी छ । बदलिँदो पर्यावरणको आँकलन, त्यसको व्यवस्थापनको ज्ञान नभएका र अत्यावश्यक कृषि

साधनमा सुलभ पहुँच नभएका साधारण किसानका लागि “साहुको खेति गलपासो” भएको छ । यस्तै अवस्था भएरै होला दक्षिण एसियाका सयौँ कृषकहरु वर्षेनी आत्महत्या गर्ने गर्छन् ।

अध्याय ४ अध्ययनको मुख्य सिकाई

४.१ भूमि बाँझिएका कारणहरुको निचोड

वि.सं. २०४५ को शहरी विकास ऐन र सन् १९७७ को भूमि अधिग्रहण ऐनले शहरी एंव आवास क्षेत्र विकासका लागि काठमाडौँमा मात्र दर्जनभन्दा बढि भूमि अधिग्रहण गरेको पाईन्छ जहाँ आवास क्षेत्र बनिसकेको र कतिपय ठाउँमा जमिन प्लटिङ्ग भएर छाडिएका अवस्थामा छन् । त्यस्तै घर जग्गा व्यवसायि तथा साना जग्गा दलालहरुले पनि अनगिन्ति ठाउँमा खेति योग्य जमिन ओगटेर राखेका छन् । यो पनि उर्वर भूमि बाँझो रहेको अवस्था मान्नु पर्दछ । अत्याधिकरुपमा काठमाडौँमा र बिस्तारै अन्य शहरहरुमा समेत यस्ता कृयाकलापहरु राज्यबाट पनि अध्यापी भैराखेका छन् । यसले रियल स्टेट र भूमि दलाललाई उत्प्रेरित गरेको छ ।

विकास, सुरक्षा र अन्य कार्यक्रमका लागि पनि कतिपय पहाड र तराईका उर्वर फाँटहरु अधिग्रहित छन् । विप्रेषणको रकम पनि घर जग्गामा जाने गरेको हुँदा भूमि प्लटिङ्ग बढि राखेको छ । सानादेखि ठूला भू-माफियाहरुको चलखेल रोक्न राज्यको बिशेष उदेश्य, नीतिका साथ कार्यक्रम कार्यान्वयन भएको नदेखिएकोले पनि उर्वर भूमि माँसिदै जाने र खाद्य संकट महा संकटमा परिणत हुने कुरामा अव सवैलाई ज्ञात भएको छ । घर जग्गा कारोवारबाट राजश्व संकलन बढ्यो भनेर प्रगति मान्ने राज्यको सोचले अव भयावह स्थिति सृजना गर्ने छ । बि. स. २०७३ मा धान उत्पादन नगन्य रुपमा वढेको यथार्थ पनि अन्य कुनै कारण नभई मात्र मनसुनलाई धन्यवाद दिनु पर्छ । यसमा कुनै नीति र व्यवहारले काम गरेको सायदै होला ।

जमिन बाँझिने र बचेको जमिन पनि अनुत्पादक हुने सवाल नेपालको कृषि अर्थतन्त्रलाई जति घातक छ त्यो भन्दा बढी मार राज्यले हाल चामल आयातमा खेपि रहेको छ । यो तथ्य मासिक ३ अर्वको खाद्याान्न आयात भईरहेको राष्ट्र बैंकको तथ्यांकले पनि पुष्टि गर्छ ।

बि.स.२०१३ बाट शुरु भएको योजना कार्यान्वयन, कृषि मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद्, विश्वविद्यालयहरु, सहकारी विकास बोर्ड जस्ता दर्जनौँ प्राज्ञिक, अनुसन्धानक, योजना निर्माण, नीति कार्यान्वयनकर्ताहरुको एकिकृत प्रयास र त्यसका उपलब्धिहरुलाई भावी पाठ सिकाईको रुपमा अध्यावधिक गरी समय सापेक्ष सन्तुलित बनाउने प्रयास जारी छ । यो प्रयासले आम नेपाली कृषकहरुको खेती सम्बन्धि परम्परागत बुझाईलाई कुन हदसम्म स्तरिकृत

बनाउन सहयोग पुऱ्यायो भन्ने खोज यस अध्ययनको मुल आधार नभएपनि सरकारका तर्फबाट कृषि क्षेत्रको सुधार, स्तरोन्नति र व्यवसायिकरणमा पु-याईएको सहयोगका बारेमा कृषि सेवा केन्द्र, कृषि विकास कार्यालय, सिचाई कार्यालय, पसु सेवा कार्यालय जस्ता स्थानिय तहमा कार्यरत राज्यका ईकाईहरुबाट प्रकासित कृषि सेवा सम्बन्धि तथ्यहरुले यो क्षेत्रको विकासका लागि राम्रै सहयोग पुगेको कुरालाई पुष्टि गर्छन् ।

भूमि बाँझिदै जाने र खाद्य उत्पादन घट्दै जाने सवाललाई ग्रामिण तहदेखि केन्द्रसम्मको यो बहस श्रृंखलाले सहभागीहरुको व्यक्तिगत, सामूहिक र संस्थागत धारणा समेट्ने प्रयास गरिएको हो । यसमा अध्ययन टोलीले सामाजिक परिचालक, अगुवा कृषक र जमिन बाँझै छाड्ने बाध्यतामा परेका कृषकहरुको सुझाव, स्थलगत छलफलको निश्कर्ष, अवलोकन, कृषकले अँगाली रहेका परम्परागत र सुधारिएको खेती प्रणाली, जग्गा बाँझै राख्ने बढ्दो चलन र पुनः कृषिकरण गर्ने प्रयास बारे व्यवहारिक र नीतिगत धारणाहरुको विश्लेषणात्मक निचोडहरु निम्नानुसार निकालिएको छ ।

(१) जग्गा बाँझिदै जानुमा भौगालिक सामाजिक, साँस्कृतिक, आर्थिक अवस्थाले प्रत्यक्ष प्रभाव पारेको देखियो भने शान्ति सु-व्यवस्था र तुलनात्मक लाभको अवसर, असमान भौतिक पूर्वधारको वितरणले पनि भूमि बाँझिने क्रमलाई प्रत्यक्ष प्रभाव पारेको सहभागी र अध्ययन टोलीको बुझाई छ । पूर्वी नेपालको पहाडी भू-वनौट हावापानी, वजार, कृषि चेतना लगायतका कुरामा अगाडी छ ।

यस कारणले पूर्वको किसानको आर्थिक अवस्था मध्य वा पश्चिम पहाडको भन्दा तुलनात्मक रुपमा राम्रो छ र त शहरी क्षेत्र वा तराइमा भूमि जोड्न सकेका छन् । कारण के भने तराई वा शहरमा जग्गा हुनु सामाजिक प्रतिष्ठासँग गाँसिएको अवस्था छ । पूर्वी पहाडको तराईसँग सजिलो सम्पर्क र दुरी पनि कम छ । यसले गर्दा पूर्वको आन्तिरक बसाँई-सराई मध्य वा पश्चिमको भन्दा वढी छ । जमिन बाँझो रहनु पूर्वमा श्रम अपुग र शहरिकरण देखिन्छ ।

(२) पश्चिम र सुदुर पश्चिम पहाडको भू-वनौट हावापानी सामाजिक आर्थिक अवस्था पूर्वको भन्दा केही पछाडी भएको देखिन्छ । सिचाई भौतिक पूर्वाधार अवसर र सिंगो आर्थिक सामाजिक बनावट नै वढी परम्परागत जस्तो छ । यसले गर्दा स्थानिय उत्पादनले धान्न

नसकि जीवीकोपार्जनको लागि वाह्रय स्रोतमै भर पर्नु पर्ने अवस्था छ । पश्चिम पहाडवाट श्रमको लागि मौसमी वा खण्डीत वसाँई-सराई वढी भएका कारण खेती लगाउने समयामा प्रायः अनुपस्थित हुने र उत्पादन पनि कम हुने अवस्थाले कृषि कार्य प्रतिको आकर्षण घटेको पाईयो भने पूर्वी पहाडवाट भूमिको स्वामित्व नै नछोडी स्थायी रुपमा तराई वा शहर पस्ने परीपाटी बढेको सहभागीले वताए ।

(३) विदेश जाने खर्च जुटाउन आफूसँग भएको जमीन वेच्नु, धितो राख्नु, पशुधन वेच्नुमा नौलो नमानिएको देखियो जति एउटा यूवक गाउँमा बसि कृषि एवं पशुपालन गरि बस्दा नौलो मानिन्छ । विदेश जानु संस्कार, संस्कृति र परम्परा भइ सकेको छ ।

(४) मध्य पश्चिम र सुदुर पश्चिमको तराई क्षेत्रमा हलिया, वधुवा, कमैया, जस्ता कृषि श्रमका निकृष्ट चलन व्यवहारमा सामाधान भएका छैनन् । तर यस्तो श्रम बजारमा बढेको राजनैतिक सामाजिक चेतनाका कारण कृषि श्रमिकको वजार संकुचित भएको पाईयो । पूर्वी तराईको भू-स्वामित्व कम छ तर क्षेत्रफलमा वढी समानता छ[१] भने पश्चिम तराईमा भू स्वमित्व असमान छ ।

(५) कैलाली जिल्लाका प्राज्ञिक वर्गसँगको छलफल समग्र सुदुर पश्चिमको वस्तुस्थिति वारे धारणा समेटने प्रयास थियो । यो वौद्धिक वहसबाट पश्चिम पहाडमा भूमि निष्कृय रहने कारण मध्ये सामाजिक चिन्तन वढी हावी भएको पाइयो । चामल बाहेकका खाद्य वस्तुलाई सामाजिक आर्थिक हैसियतसँग दाँजेर हेर्ने चलन रहेछ । कुलीन वर्ग मानिएका परिवारमा चामल वाहेकको खाना खानु हैसियत बाट झरेको लान्छना लाग्ने डरले पनि चामलको जोहो गर्नु यस क्षेत्रका कुलिन मानिने परीवारको वाध्यता रहेछ । त्यसकारण ले पनि जमिन बाँझै राखिर रोजगारीका लागि तराई वा भारत पस्नु नौलो मानिँदो रहेन छ ।

(६) कैलालीका भिन्न भिन्न ठाँउमा भएका साक्षातकारहरु बाट सुदुर पश्चिमको पहाडी क्षेत्रलाई चामल पुऱ्याउने एक मात्र विकल्प कैलाली र कञ्चनपुर जिल्ला भएको निष्कर्ष निक्लियो । पूर्वको तुलनामा पश्चिम यसै पनि सुख्खा त्यसमा पनि सिँचाईको विकल्प

---

१ समुदायसंगको छलफलमा आधारित, चैत्र, २०७४

वर्षातको पानी भएकाले किसानहरु कति उत्पादन गर्न सकिन्छ भन्ने आँकलन गर्न सक्दैनन् ।

कृषि यन्त्रको खरिदमा अनुदान पाईने व्यवस्था राज्यले गरेको छ र केहि किसान यसवारेमा जानकार भएको पनि पाईयो तर अनुदानमा ल्याईएको मिसिनको भाडा भने अनियन्त्रित भएकाले अधिकांश साना किसान यस्ता यन्त्र प्रयोग गर्न नसक्ने कुरा बताउछन् । कृषि यन्त्र भाडामा लगाउनेहरुको छुट्टै गुनासो पाईयो । उनीहरुको तर्क छ, कि यस्ता यन्त्रहरु हाम्रो खेति सुहाउदा छैनन् । साना कित्ताको लागि यस्ता यन्त्र प्रयोग गर्दा लाग्ने अतिरिक्त खर्च बढि छ र अहिले जति भाडा उठाईन्छ त्यसले किस्ता तिर्न, मर्मत सम्भार गर्न र प्राविधिकको खर्च पुऱ्याउनै मुस्किल छ । यसरी हेर्ने हो भने यान्त्रिकृत खेतिका उपभोक्ता र सेवा दिने समुह दुवै सन्तुष्ट पाईएनन् । डडेलधुरा जिल्लाका कृषकहरुले अनुदानका साना हाते ट्याक्टर लिएको बुझियो तर यसरी अनुदानमा वितरण भएका कृषियन्त्र प्राविधिक ज्ञान र सक्षम प्रयोगकर्ता नभएका कारण बारीमै थन्किएको जोगबुढाका कृषकहरुले बताए ।

(७) पूर्वी तराईको समस्या बढ्दो भू-खण्डिकरण र शहरीकरण देखियो भने पश्चिम तराईको वास्तविक किसानसँग भूमि नहुनु र भूमि हुने किसानहरु अनुपस्थित हुनु बढि संवेदनशिल पाईयो । तर पश्चिम र मध्य पहाडको भूमि भने लामो समयदेखि भाई अंश लाग्दै जादा खेति योग्य भूमि चरम खण्डिकृत अवस्थामा छ र बाँझो पनि छ ।

(८) यी परम्परागत कृषि साधनहरु जो पुर्खौं देखिको व्यवहारिक अभ्यासबाट अस्तित्वमा थिए र यिनीहरुको स्तरोन्नति तथा सरलीकरण गर्न राज्यका तर्फबाट पहल अझ राम्रो र ब्यवस्थित हुनु पर्छ ।

(९) धनकुटा जिल्लाको घोर्लीखर्कका कृषकहरुले पशु पालनबाट राम्रो आम्दानी लिन सकिने अनुभव वताए तर पशु जन्य उत्पादनको विक्रि मूल्य उत्पादन लागत भन्दा त्यति वढि नभएको तर्क राखे । पशुपालन, पशु सेवा अनियमित भएको अहिलेको अवस्थामा बढी जोखिमपूर्ण पनि छ । एकातर्फ पशु स्वास्थ्य सेवा निजी पशु प्राविधिकको भरमा छ भने अर्को तर्फ पशु बिमाको अवधारणा र पहुँच साना कृषक समूहसम्म पुगेको छैन । पशुपालन सम्बन्धि आईपर्ने आकस्मिक सेवाहरु महङ्गा छन्, उत्पादनको बजार मूल्य

किसानको हातमा छैन । दर्तावाला र ठूला कृषकले मात्र कृषि ऋण र कृषि सेवा अलि सहज तरिकाले लिन सक्छन् र साना किसान धेरै सामान्य सेवा लिन पनि हप्तौ धाउनु पर्ने बाध्यता छ । यसले गर्दा साना किसान निजि सेवा प्रदायकबाट सेवा लिन वाध्य छन् ।

पशुजन्य उत्पादन प्रशोधन गर्ने, सहकारीतामा आधारित पशुपालनको अवधारणा कृषक सम्म पु-याउने, जोखिम न्यूनिकरण गर्न जोखिम व्यवस्थापन कोष खडा गर्ने, राज्यले दिने सेवा किसानले व्यहोर्नु पर्ने समस्या भन्दा कमजोर हुने र यस्ता सेवाहरु किसान सम्म नपुग्ने कारणले पनि कृषि क्षेत्रमा युवाहरुको सहभागिता कमजोर भै जमिन बाँझिन पुगेका छन् ।

विमा ऐन २०४९ को दफा ८ लाई टेकेर २०६९ मा पशु र वाली विमा नियमित गर्ने निर्देशिका लागु भई कान्वयनमा छ । आ. व. २०७३।७४ को नीति कार्यक्रमले वाली तथा पशु विमाको प्रिमियममा ७५.० प्रतिशत अनुदानको घोषणा पनि गरेको छ । कृषि विकास कार्यालय धनकुटा र डडेलधुराले पहल गर्दा पनि विमा कम्पनिहरु विमाको काम गर्न नआएको तर्क राख्दछन् समूह छलफलमा बसेका ८९.७३ प्रतिशत कृषक यसको बारेमा सुन्दै नसुनेको वताउँछन् भने नेको ईन्सुरेन्स कम्पनी रुपन्देहीका एजेण्ट वाली र पशु विमा खर्चिलो र झन्झटिलो भएका कारण सफल नहुने वताउँछन् ।

(१०) उत्पादित वस्तुको मूल्य कम र उत्पादन लागत बढि हुनाले पनि कृषि प्रतिको आर्कषण कमहुने र जमीन बाँझो रहेको तथ्यहरु थुप्रै भेटिन्छन् । एउटा उदाहरण धनकुटाका दर्तावाला कृषक समूह सदस्य, कृषि फारम र सामूहिक पशुपालन शिर्षकमा केहि सहयोग पाईने गरको बताउँछन् तर साना किसानलाई यसबाट सहयोग नपुगेको स्विकार्छन् । दुग्ध विकास संस्थान पाखिवास वितरण केन्द्रका कर्मचारी दुध खरिदमा रु २७ प्रति लिटर भन्दा बढी दिन नसकिने र विक्रिगर्दा प्रति लिटर रु ८० भन्दा कममा वेच्न नसकिने राय दिन्छन् । व्यङ्यात्मक लवजमा कृषक भन्छन् हामी रु २७ मा एक लिटर दुध शहरीयालाई वेच्छौं, शहरीयाहरु रु २५ मा एक लिटर पानी हामीलाई वेच्छन् ।

(११) घनुषा वटेश्वरका किसानहरु सिँचाईका लागि प्रयोग हुने पानी वापत मासिक रु ५०० तिर्ने गरेको तर पनि चाहिएको बेलामा पानी नपाइने बताए ।

(१२) सार्वजनिक पैनी, कुलो खोलाको छेउ-छाउको जमिन बाटोमा बदलिएका छन् । निजी जग्गा बाटोलाई छाड्नु भन्दा घुमाएरै भए पनि सार्वजनिक जग्गा बाटै बाटो विस्तार गर्ने चलन छ । त्यसकारण अहिले सार्वजनिक पैनी र पानी ल्याउने मुहान हराए । बाटोको क्षेत्र अग्लो बनाईएको छ र बाटाले छेकिएका टुक्रा जग्गामा पानीको निकास बन्द भएको छ । त्यसकारण बजार क्षेत्रको जमिनको ठूलो हिस्सामा खेती लाउन छाडिएको छ ।

(१३) जोताह किसानलाई अनिवार्य भूमिमा पहुँच हुनै पर्छ यसमा दुई मत छैन । जोताह कृषकको भूमिमा पहुँच र अधिकार स्थापित गर्ने प्रयासमा राष्ट्रिय स्तरको प्रतिबद्धता तथा प्रयास भएपनि अपुग नै देखिन्छ । दाङ, वाँके, बर्दिया लगायतका हलिया, कमैया, बधुवा जस्ता सामाजिक समस्या समाधानमा राज्यले सह्राहनिय कार्य गरेको छ तर कार्यान्वयनको तहमा विवादित र स्पष्ट नभएका कारण जमिन बाँझीने क्रम नै बढेको देखिन्छ ।

(१४) वन ऐन २०४९ अनुसार सामुदायिक बनको वृहत विकास लगायत जैविक प्रविधि नीती २०६३ अनुसार वन तथा स्रोत संरक्षण हुदै जाँदा जंगली जनावर जस्तै बाघ, बाँदर, वदेल एवं चराचुरुङ्गीको जनसंख्या बढेर त्यसले खेतवारीको वालीनाली अत्याधिक नाश गर्ने गरेकाले पनि जमिन परित्यजन गरेको कुरा छलफलमा सहभागी कृषकहरुले वताए । यस्तो अवस्था पूर्व देखि पश्चिम र मध्य पश्चिम क्षेत्रका पहाडी जिल्लाहरुमा भएको कुरो अन्य अध्ययनहरुले पनि देखाएको छ ।

४.२ भूमि बाँझिएबाट परेका वा पर्न सक्ने सामाजिक, आर्थिक र वातावरणीय अशर एवं परिणामहरु

(१) बाली बिबिधिकरण, पशुहरुको नश्ल सुधार, कृषि कार्यको व्यवसायिकताका लागि जति लगानी, प्रयास र समय खर्चिएको छ त्यो पर्याप्त छ वा छैन भन्ने मापदण्ड नभए पनि जति उपलब्धि भएको छ त्यसबाट नेपालीहरुले पेट भर्न नसक्ने अवस्थालाई सबैले

बुझेका छन् । युवा वर्ग, के गाँऊ, के शहर, के पिछडिएको क्षेत्र जहाँ सुकैबाट पलायन हुने सोचमा छन्, राज्यको मानव साधनको ठुलो हिस्सा विदेशोन्मुख छ र बाँकी श्रमशक्ति पनि निस्कृय हुँदै जानेक्रम बढेसँगै खाद्य परनिर्भरता बढेको छ । यसले श्रमका लागि बिदेश जानु नै ठीक भन्ने भावनालाई बढावा दिएको छ ।

(२) मौलिक कृषि प्रणाली, वाली प्रजाति, खाद्य परिकारमा परेको असरसँगै यसको प्रवर्धन, विकास र प्रयोगका बारेमा खोज गरिनु पर्ने, प्रविधि, शीप र उत्थानका कार्य गर्नु पर्छ भन्नु नै वाईयात हो भन्ने सोच युवा किसानमा हावी छ । पुर्खौं देखिको मौलिक प्रविधि र शीप पुरानो पुस्ता संगै विलय हुने अवस्थामा पुगेको छ ।

(३) जति पैसा छ त्यतिकै भूमि खरिद गर्न सक्ने र कुन भूमिको प्रयोजनमा ल्याउन मिल्ने भन्ने सवालमा भूमि नीति हुँदाहुदै पनि कार्यान्वयन पक्ष कमजोर हुनाले अवल भूमिमा भवन बनाउने, बाटो छेउमा घर सार्ने हाम्रो संस्कृति भएको छ ।

(४) बिप्रेशणलाई नेपाली अर्थतन्त्रको प्राण वायु र मजदुरीका लागि विदेशिएका युवा श्रमलाई आन्तरिक अर्थतन्त्रको वर्तमान आधार मान्ने हालको अर्थ राजनैतिक चिन्तनले विदेशोन्मुख युवाहरुको वैदेशिक मोहलाई आगोमा ध्यू थप्ने काम भएको छ । जव नेपालको अहिलेको आर्थिक सामाजिक परिवेश, अनुत्पादक शैक्षिक जनशक्तिको दुरुपयोग (शैक्षिक योग्यताको स्तर भन्दा धेरै सस्तो शैक्षिक जनशक्ति) जो जीवनको निश्चित समसम्म आफुले प्राप्त गरेको शैक्षिक योग्यताको प्रयोगबाटै आफ्नो सामाजिक, आर्थिक हैसियत सुधार्ने अपेक्षा गर्छ, त्यो जनशक्ति बजारको मागको तुलनामा सयौँ गुणा बढि उत्पादन भईरहेकोले अति नै अनुत्पादक छ । यसले राष्ट्रिय अर्थतन्त्रमा कुनै न कुनै रुपमा फाईदा नै पुऱ्याएको होला तर यसको प्रभाव एउटा जमात न त विदेशिएको छ न त पुर्खौली पेशामा नै फर्किएको छ ।

यो वर्ग विपन्न समूहकै जमात हो तर पनि यसले न्यून मध्यम वर्गीय जीवन शैलीका लागि संघर्ष गरिरहको छ । यो समूह आर्थिक, सामाजिक तथा राजनैतिक प्रतिनिधित्वको अग्र पंक्तिमा आँउदैन तर अपेक्षा भने सधै गरिरहकै हुन्छ । ढुलमुले चिन्तन बाट ग्रसित छ, अनुत्पादक छ तर स्थानिय राजनीतिमा गोटिको काम गर्दछ । यहि वर्गको प्रतिनिधित्व गर्ने न्यून मध्यम वर्गिय परिवारहरु जो आफ्नै खेती किसानीबाट

जिविकोपार्जन गर्थे, यहि समुहलाई गत दशकको दन्द्वले प्रतिकुल प्रभाव पारेका कारण विस्थापित भयो र लामो समय कृषि कार्यबाट टाढियो अनि भूमि निस्क्रिय राख्ने चलनलाई बढावा दियो ।

(५) पश्चिम तराईका ग्रामीण भेगका कृषक परिवार नजिकका शहर वा जिल्ला बाहिर निस्कने चलन बढेको पाईयो । जि. स. स. कैलालीको ०७०/७१ को सर्वेक्षणले जम्मा परिवारको २७.७४ प्रतिशत परिवार अनुपस्थित देखायो । बि. स. २०५८ सालको जनगणनामा अनुपस्थित परिवार शून्य रहेकोमा अहिले चौथाई भन्दा बढि परिवार अनुपस्थित हुनु अस्वभाविक हो । यसबाट कैलाली जिल्लाको खेती योग्य भूमिको ठूलो हिस्सा निष्कृय अवस्थामा छ । जिल्लाको खाद्य सन्तुलन सकारात्मक नै छ तर यहि जिल्लाको भर पर्ने अछाम, डोटी, बाजुरा लगायतका पहाडी जिल्लाहरुको परिप्रेक्षलाई जोड्ने हो भने कैलालीको उर्वर भूमि निश्कृय हुनु खाद्य सन्तुतलनका दृष्टिले राम्रो होईन ।

(६) भूमि निष्कृय हुनु मौलिक प्रजाति लोप हुनु जस्ता कारणले हाम्रो खाद्य संस्कृतिमा वाह्य प्रभाव वढेको छ । खाद्य श्रृंखला (Food Chain) मा ठाडो हस्तक्षेप भईरहेको छ । मौलिक खाद्य परिकार हराउदै गएका छन् । विशेषता युक्त हाम्रा खाद्य संस्कृति आर्थिक उर्पाजनको माध्यम बन्न सक्थे तर धरासायी बन्दै गएका छन् ।

(७) जमिन उत्पादनमा नजादा पोषण युक्त खाद्य परिकारको आपूती घटेको छ । आन्तरिक खाद्य सुरक्षाको अवस्था खस्किदो छ र खाद्य सन्तुलन विग्रिएको छ ।

(८) रोजगारी र कृषिमा आधारित उद्योग व्यवसायको संभावना हुँदा हुँदै तिरस्कृत अवस्थामा पुगेको छ । राष्ट्रिय अर्थतन्त्रको फराकिलो संभावना कृषि औद्योगीकरणको संभावनालाई प्रत्यक्ष प्रभाव पारेको छ । आन्तरिक उत्पादन घट्नुले त्यसमा आधारित आन्तरिक र वाह्य वजार खुम्चिएको छ । आयातको प्रतिस्थापनमा सानै भए पनि सहयोग पुऱ्याएको थियो कृषि क्षेत्रले तर अहिले खाद्यान्न नै आयात गर्नु पर्ने वाध्यताका कारण बजार सन्तुलनमा नराम्रो प्रभाव परको छ ।

(९) प्राकृतिक रुपमा हुर्के बढेका वनस्पति प्रजातिहरु बिस्थापित भएका छन् । वनको संरचना, जंगलको प्राकृतिक ढांचा, रुखको वनावट वोट विरुवाको सन्तुलन आदि बदलिदै गएको छ । यी सवै मानवीय कृयाकलापमा अनभ्यस्त र अजानकार जंगली जनावर, चरा-चुरुङ्गी पररम्परागत वासस्थान र आहारा खोज्दै गाउँ नपसे कता जाने ? वनमा आश्रित बन्यजन्तु, पंछि र अन्य प्राणीहरुको प्राकृतिक बासस्थान बारे र त्यस्ता जीवहरुले खाने आहारा, प्रजनन् प्रणाली र प्राकृतिक प्रकृयाहरुमा असर परेको अनुभव गर्छन् महोत्तरी, डडेलधुरा र कैलालीका कृषकहरु ।

(१०) हामीले खेती बारेमा जे जानेका थियौं त्यहि गरिरहेका छौं तर पहिलेको जस्तो उत्पादन छैन । यो विउ लाउदा फल्छ रे, यसरी वाली लगायो भने राम्रो हुन्छ रे, भन्ने मात्र सुनिन्छ तर थाहा छैन । कृषि कार्यलयमा गएर बुझ्ने पनि गरेका छौ त्यसले पनि उपलब्धि भएको छैन । नयाँ प्रजातीका किरा, झार जंगल बढेका छन् त्यसबाट वाली जोगाउने वा वाली नै पविर्तन गर्ने वा परजिवी नियन्त्रण गर्ने बारेमा हामीसँग ज्ञान छैन । प्रयास गर्दा नभए पछि जाँगर मर्दो रहेछ । ज्ञान र साधन नभए केहि गर्न सकिदो रहेन छ भन्ने कुरा धेरै सहभागी कृषकहरुको रहेको पाईयो

अध्याय ५ निष्कर्ष र सुझाव

५.१ अध्ययनको निष्कर्ष

राज्यले लिने कृषि नीति तथा कार्यक्रमहरु मार्फत विदेशिदै गरेको जनशक्तिलाई कृषिमा फर्कन आकर्षित गर्नुपर्ने बेला आएको छ । लगानिको तुलनामा हुने विप्रेषण र त्यहि अनुपातमा हुने कृषि उत्पादनको मूल्य बढि हुन सक्छ भन्ने प्रयोगात्मक पाठ सिकाउन शैक्षिक क्षेत्र, निजि क्षेत्र, गैर सरकारी क्षेत्र, किसान र राज्य आफै लागिपर्नु पर्ने देखिन्छ ।

शिक्षा र स्वास्थ्य जस्ता अवसरले युवालाई आकर्षित गर्ने सूचकहरुको उपलब्धतालाई गाउँ र शहरको विचमा तुलना गर्ने हो भने जो सुकै ले पनि शहर रोज्दछन् । त्यस कारण पनि गाँउमा कृषि मजदुरको अभाव छ । विकासका सूचकहरुको समान पँहुच नभएसम्म बसाईसराईको प्रवृति रोकिदैन, जनसख्या सन्तुलित वितरण हुदैन, श्रोत साधनको सन्तुलित प्रयोग पनि हुदैन । यदि यसो हो भने सन्तुलित विकासको कल्पना गर्न सकिदैन । यसकारण राज्य संयन्त्रका सवै अंगहरुले कृषि र कृषि अर्थतन्त्रलाई साझा अभियानमा लानु जरुरी छ ।

कुनै ठाँउमा खास कारणले किसान परिवार कृषि इतर क्षेत्रमा आकर्षित भएको यथार्थहरु भेटिए पनि सामान्य परिप्रेक्षमा लेखपढ पछि खेती गर्नु, कोदालो खन्नु राम्रो होईन भन्ने संस्कार होस वा कोदो फापर खाँदा सामाजिक हैसियत घटेको अनुभव हुनु अथवा राज्यका तर्फबाट गरिएका कृषि विकासका प्रयासले आम कृषकहरुलाई कृषि कार्यमा आकर्षण गर्न नसक्नु नै अहिलेको यथार्थ हो ।

५.२ सुझाव

(क) खेतिका नयाँ नमूना विस्तारको नेतृत्व, लगानी र व्यवस्थापन बारेको संयोजनको जिम्मेबारी राज्यले लिनुपर्दछ । अहिलेको अवस्थामा राज्यका तर्फबाट खटिने कृषि विज्ञ, व्यवस्थापक, प्राविधिकहरुको पदस्थापन र चालु कार्यक्रमहरुको बिचमा तालमेल ल्याउनु जरुरी देखिन्छ ।

(ख) राज्यले वैदेशिक श्रमलाई निरुत्साहन गर्न वैदेशिक रोजगारबाट हुने प्रतिफल भन्दा युवा लक्षित कृषि कार्यक्रमबाट हुने प्रतिफल राम्रो र दिगो हुन सक्ने विकल्पको खोजी र प्रयोग गर्ने वातावरण बनाउनु आवश्यक छ ।

(ग) पशु तथा बाली बिमा, करार (contract) खेती, सहकारी खेतीका विविध पक्षबारे बहस छलफल भएका छन् तर यि अभ्यासको कानूनी तथा व्यवहारिक ढाँचा सञ्चालन संयन्त्र र विस्तार कार्यका लागि आवश्यक पूर्वाधार निर्माणमा राज्यका तर्फबाट नीति नियम र सरल प्रकृयाबाट भूमि लिजमा लिने व्यवस्था गर्ने, बाँझो जमिन संझौंतामा आधारित वा सहकारी खेतीको सहुलियत व्यवस्था जरुरी छ ।

(घ) दिगो जीविकोपार्जन र व्यवसायिक खेतीको आधार हाम्रो सर्न्दभमा त्रिशंकु प्रकारको छ । यो खेती, पशुपालन र वन क्षेत्रको सन्तुलित प्रयोगबाट धानिएको छ तर स्थानिय तहमा जिविकापार्जन सम्वन्धमा यि निकायले वहन गर्ने एकिकृत भूमिका र जिम्मेबारीमा अझ बढि तालमेल मिलाउनु जरुरी देखिन्छ ।

(ङ) परम्परागत सिप र आधुनिक कृषिका प्रयोग बारे संयोजनकारी भूमिका बहन गर्ने संयन्त्र बन्नु आवश्यक छ ।

(च) न्यूनतम आवश्यकता र सेवाको विस्तार कमजोर भएका कारण व्यापारीहरुबाट किसानहरु बढी शोषित भएको तर्फ राज्यको ध्यान जानु जरुरी छ ।

(छ) जलवायु परिवर्तनकाकारण उत्पादनमा आउने ह्रास र जोखिम व्यवस्थापनबारे शुसुचित गर्ने संयन्त्रलाई प्रभावकारी बनाउनु जरुरी देखिन्छ ।

(ज) एक गाँउ एक वस्तु एक उत्पादनको कल्पनालाई साकार पार्नु उपयुक्त देखिन्छ । यसका लागि माटो र जलवायु परीक्षण गर्नु जरुरी छ ।

(झ) कृषि उत्पादनमा प्रत्यक्ष असर पार्ने न्यूनतम विकल्पहरु जस्तै कृषि सूचना, पात्रो, पाठशाला, फूसदी फार्म लगायतका कृषि सहजिकरणका उपायहरु कृषकको पहुँचमा पुग्नु आवश्यक छ ।

(ञ) कर लागु गर्ने भन्दा पनि भूमि बाँझो छोड्न नदिन राज्यले प्रोत्साहि गर्ने वा सो जमिन बाँझो छोड्नाको कारण पत्तालगाई त्यस्ता ठाउँहरुमा सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गर्नु उपयुक्त हुने देखिन्छ ।

(ट) भूमिलाई आर्थिक उपार्जन, सामाजिक, राजनैतिक हैसियत सँग जोड्न भन्दा उत्पादनको साधनको रुपमा प्रयोग गर्नु बढि सार्न्दभिक हुनु पर्ने हो तर भूमि व्यक्तिगत स्वामित्वमा जाँदा भूमिको प्रयोग कृषि माध्यमको सट्टा व्यापारिक साधन जस्तो भएको अवस्था छ । बिचौलियाको चलखेल कानूनि दायरामा आउँनु जरुरी छ । भूमि कारोबारको निश्चित मापदण्ड बनाई व्यवस्थित गर्ने नीति बन्नु आवश्यक छ ।

(ठ) स्थानीय निकायका सम्बन्धित कार्यलयले गर्ने खर्चको ठूलो हिस्सा प्रसासनिक र व्यवस्थापकीय कार्यमा खर्च भई खुद लगानीमा जाने कोषले आयोजनाको स्तर र गुणस्तर कमजोर हुने, दीगो नहुने र तुलनात्मक लाभ कम हुने परिपाटीमा सुधार गर्नसके युवा किसानलाई कृषि कार्यमा आकर्षित गर्न सकिन्छ ।

(ड) कृषि विकासका लागि दिईने सेवा पारदर्शी बनाउनु जरुरी देखिन्छ ।

(ढ) उन्नत खेती, बाली प्रजाती, बाली व्यवस्थापन बारेका तालीम, अभिमुखीकरण, अवलोकन जस्ता अवसरहरुमा साना किसानको पहुच बढाउनु जरुरी छ (जस्तै अनुसुची १) ।

(ण) नेपाली उपजलाई बाह्य बजारमा लानका लागि बजारको सहजीकरण सम्बन्धीत निकायबाट हुनु जरुरी देखिन्छ ।

(त) भाडाका कृषियन्त्र, भण्डारण, कृषि सूचना आदिमा साना कृषकको समेत पहुँच पुग्ने गरि समुह गठन, सहकारी खेती प्रणाली वा सामुहिक खेती प्रणालीलाई अघि बढाउनु आवश्यक देखिन्छ ।

(द) गुणस्तरिय कृषि अभ्यास, प्रमाणीकरण र पहिचान प्रणाली व्यवस्थितहुनु अति जरुरी छ ।

५.२.१ तात्कालिक सोच तालिका

बाँझो भूमि पुनः आवाद गर्ने कार्यका लागी छोटो अवधिका र चाँडै कार्यान्वयन गर्न निम्नानुसार प्रस्ताव गरिएको छ (१ देखि ३ बर्ष ।

क्र.स.	के गर्ने	कसले गर्ने	कसरी गर्ने
१	कृषक संग कृषि बिज्ञ र प्रबिधी	सरकारको समन्वय र उपस्थितिमा कृषि बिज्ञ, अनुसन्धान कर्ता	✓ अनुसन्धान केन्द्र, कृषि सेवा केन्द्र स्थनिय तहका कृषि तथा पशु प्राविधिकहरुको कार्य विरणमा निश्चित समय किसानको खेतिमै गएर कृषिका तरिका सिकाउने वातावरण मिलाउने ✓ कृषि अनुसन्धान केन्द्रबाट परिक्षण वा नयाँ बालि बिकास भइ सिफारिस गरिन्छ भने त्यस्ताबालीको परिक्षण उत्पादन लिदा कीम्तमा ३ बालि चक्र भरी कृषि बैज्ञानिकको नियमित निगरानि हुने गरी परिक्षण उत्पादन गर्ने परिपाटी बसाल्ने ✓ हाल प्रयोगमा आएका कृषि प्रबिधि प्रयोग र प्रभावकारिता बारेमा कृषक हरुलाई प्रयोग गरेर देखाउने वातावरण मिलाउने ताकि कृषकहरु त्यस्ता साधन र प्रविधि प्रयोग गर्न सक्षम होउन ✓ सामूदायिक प्रयोगमा आउन सक्ने कृषि साधनहरु सामूदायिक उपभोगका लागी उपलब्ध गराउने
२	भू-खण्डिकरणको बिकल्प	सरकारका सबै तह र निकाय	✓ निजी वा जो कसैको स्वामित्वमा भए पनि खेती योग्य भूमिको कित्ताकाठ र कृषि इतर प्रयोजनमा ल्याउन रोक लगाउने
३	कृषक पहिचान र बर्गीकरण	स्थानिय सरकारका प्रतिनिधि सेवा प्रदायक निकाय	✓ जीविको पार्जनका माध्यमहरु र जीविकोपर्जनमा कृषिको हिस्सा कति छ त्यसका आधारमा कृषि प्रोत्साहनका कार्यक्रम बिस्तार गर्ने ता कि कृषि मात्र जीविको पार्जन र आय अर्जजनको बिकल्प भएका कृषकहरुमा बिशेश प्राथमिकता पुगोस र कृषि प्रतिको हाकर्षण बढोस

४	कृषि अभ्यास स्थल	कृषि सेवा केन्द्र, कृषि प्राविधिक	✓ समूदायमा आधारित बिउ तथा बाली उपचार, बाली संकलन, भ०डारण, बालि छनौट, उत्पादन स्तरिकरण जस्ता कार्यमा, परम्परागत प्रविधी आदिबारे जानकारी दिने ✓ आधुनिक बिशादि, साधन तथा प्रबिधि बारे जानकारी गराउने ✓ यसका लागी सामूदायिक अध्यास स्थलको व्यवस्थ ागर्ने
	कृषि पाठाशाला सैधान्तिक र प्राविधिक पक्ष	शैक्षिक संस्था, अनुसन्धान कर्ता, बिषय बिज्ञ	✓ सामूदायिक बिद्यालय वा सकमूदायिक भवन वा पायक पर्ने ठाउँमा निश्चित समयान्तरमा कृषकहरुलाइ राखेर कृषिबारे छल फल र जानकारी आदान प्रदान गर्ने
५	तात्कालिक कृषि तथ्याङ्क	जन प्रतिनिधि स्थानिय सरकार	✓ प्रबिधी र तालिम प्राप्त गणक परिचालन गरि भूमि तथ्यांक संकलन गर्ने ताकि भूमि प्रयोगको तात्कालिक अवस्था जानकारी होस र भावि योजना बनाउन र भूमि प्रयोगको ढाँचा बनाउन सहयोगी होस
६	कृषि प्रबिधी परिक्षण, प्रयोग र पहिचान	सरकार र शैक्षिक संस्था	परम्परागत प्रयोगमा आएका कृषि उपकरण, साधन तथा शिप पहिचान गर्ने र त्यसलाइ सरलिकृत गर्न प्राविधिक पक्षबाट के गर्न सकिन्छ अभ्यास गर्ने
	जोखिम व्यवस्थापन कोष खडा गर्ने,	नेपाल सरकार	संभावित जोखिमबाट बच्न सहयोग पुग्छ भन्नेकुरामा कृषक बिस्वस्त होउन

५.२.२ मध्यकालिन सोच तालिका

क्र.स.	के गर्ने	कसले गर्ने	कसरी गर्ने
१	कृषि, बन र पशु सेवाको संयुक्त संयन्त्र बनाउने	नेपाल सरकार	संयुक्त कार्यक्रम तथा कार्य योजना बनाउने
२	कृषि सेवा, अनुदान र सहयोगमा सकारात्मक बर्गीकरण	सरकार स्थानिय तह	कृषि मात्र पेशा भएका कृषक हरुका लागी बिशेष कार्य गर्न सकियोस
३	स्थानिय कृषी शीप र साधनको पहिचान र स्तरिकरण	सरकार, कृषि बिज्ञ, शैक्षिक क्षेत्र र कृषक	✓ परम्परागत कृषि साधन, शीप आदिको पहिचान गर्ने ✓ प्रभावकारी लागेका शीप तथा साधनहरुको आधुनिक परिकाबाट

			परिक्षण तथा स्तरिकरण गर्न प्रोत्साहन गर्ने
४	बालिहरुको खुल्ला परिक्षण प्रयोगशाला	सरकार, कृषि बिज्ञ, शैक्षिक क्षेत्र र कृषक	सडकको मापदण्डले छेकेको खालि नमीन, सरकारी कार्यालयले चर्चेको खुल्ला ठाउँ, नदि किनार र खेर गइरहेको बाँझो नमीनमा उत्पादन गर्न सकिने बिविध कृषि बालिहरु (एक बर्षे र बहु बर्षे सबै) आम नागरिकले देख्ने गरी र सहभागी हुन सक्ने गरी कृषि अभ्यास गर्ने यस्यो अभ्यास बाट सफल नमूनाहरु कृषक तहमा बिस्तार गर्दै जाने
५	बिषेश समूह परिचालन	सरकार र स्थानिय तह	पढे पछि जागिरै खाने पर्छ या बिदेश पस्नु पर्छ भन्ने सोच हटाउन र कृषि कार्य गरेर राम्रै काम गरेंछु भन्ने स्वाभिमान जगाउने खालका कृयाकलाप कृषकहरुको माझमा सञ्चालन गर्ने
६	कृषि साधन र कृषी बजारको निश्चित समयका लागी नियन्त्रण	राज्यले गर्ने	किसानले बालि उत्पान क्षमताको सफल प्रयोग गनै नसके सम्मका लागी प्रयोग हुने साधन तथा प्रबिधि र बजारको सुनिश्चितता गरि दिने

५.२.३ दीर्घकालिन सोच तालिका

क्र.स.	के गर्ने	कसले गर्ने	कसरी गर्ने
१	भू-स्वामित्व शुनिश्चत हुने गरी ठूला किसान वा ब्यक्ति वा संघ संस्था वा सरकारको स्वामित्वमा रहेको खेति योग्य भूमि कृषि उत्पादनमा लाने संयन्त्र बनाउने	नेपाल सरकार	सरकारको मातहतमा खेतियोग्य भूमि ब्यवस्थापन इकाइ बनौट भू स्वामित्व सुरक्षित रहने गरी भू स्रोत ब्यवस्थापन र प्रयोग संयन्त्र बनाउ ने
२	सिचाइ, पूर्बाधार, बजार आदिको अभाव भएका जमिनको लगत सङ्कलन गरी शुख्खा सहने बहुबर्षे बालिको पहिचान गरि प्रवर्धन गर्ने	सरकार र सरकारको समन्वयमा कृषक, कृषि प्राविधिक, दातृ संस्था र कृषि बिज्ञको समूह	बसाइ सरा बालि र बनस्पतिको बदलामा हाम्रै परिवेशमा हुर्किने र आम्दानि दिने उच्च मूल्यका बनस्पति पहिचान गरी नमूना खेति बिस्तार गर्ने
३	बैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित कार्यक्रम बनाएर उनीहरुको शीपलाई संस्थाथत संरक्षण गर्ने	सरकारको संयोजनमा नीजि क्षेत्र, शैक्षिक संस्था	हाम्रो वातावरण, भूगोल, प्राकृतिक अवस्था सुहाउदो ढाचामा बिकास गरी कृषक स्म्म बिस्तार गर्ने
४	खुल्ला प्रयोग शालाबाट	सरकार नीजि	खेल्ला प्रयोगशालाको माध्यमबाट परिक्षण

	प्रभावकारी सावित भएका बाली प्रजाति, प्रयोगात्मक शीप र प्रविधि प्रसारलाई शषक्त बनाउने	क्षेत्र	उत्पादन भएका बाली प्रजाति संस्थागत रुपमा बिस्तार गर्ने तर यसरी उत्पादन गर्दा लक्षित बिस्तार क्षेत्र पहिचान गरे पछि त्यस अनुरुप गर्ने
५	कृषि उपजको मूल्यश्रृंखला बारे सरोकारवालाहरुको क्षमता बिकास गर्ने	सरकार स्थानिय तह निजी क्षेत्र, बजार बिश्लेषक	कृषक पाठशाला, घुम्ती बिविर, समूह भेला अदिका माध्यम बाट शीप प्रसार गर्ने
६	किसानको पहुच सम्म पुऱ्याउन "फुर्सदी फाम" (कृषिको अनुभव, प्राविधिक ज्ञान, बजार अध्येता र अनुसन्धान कर्ताहरुलाई खालि समयमा उत्पादन स्थलमा नै गएर अनुभव बाड्न सक्ने वातावरण) को अवधारणा प्रयोग गर्नु उपयुक्त हुन्छ।	नेपाल सरकार स्थानिय तह	फार्मको लागी शर्त सहित जग्गा उपलब्ध गराउने

सन्दर्भ सामाग्री

Adhikari, J. and Hobley, M. (2011) Everyone is Leaving– Who Will Sow Our Fields? The Effects of Migration from Khotang District to the Gulf and Malaysia. Kathmandu

चन्द्र किशोर (२०७३), खेतीका मूद्दा र मर्यादा, कान्तिपुर दैनिक, असार १६, २०७३

CSRC (2012) Land Ownership and Land Reform in Nepal, Centre for Community Self Reliance, Kathmandu

ध्रुवनारायण मानन्धर (२०७३) धान उत्पादन र चामल आयात, कान्तिपुर दैनिक, बैशाख, २०७३

GoN (2012). National Population and Housing Census 2011 (National Report), Secretariat, Central Bureau of Statistics, National Planning Commission, Kathmandu

कान्तिपुर दैनिक (२०७३) प्लटिङले मासिँदै उर्वर जमिन, असार २४

कान्तिपुर दैनिक (२०७३) शहरमा प्लटिङ, बाँझिदै खेतबारी, जेठ ३०

कान्तिपुर दैनिक (२०७३) बेलैमा बर्षाले उत्साह, असार १५

LRMP (1986) Land Resources Mapping Project, Survey Department, Kathmandu

Manandhar, G. B., S. K. Adhikary, and G. Sah. (2009) Sustainable Agricultural Practices and Technologies in Nepal, Karthmandu

MoA (2014) Agriculture Development Strategy, Ministry of Agriculture, Government of Nepal, Kathmandu

नेपाल सरकार (२०७०), कृषि सम्बन्धि नीतिहरुको संगालो, कृषि बिकास मन्त्रालय, काठमाण्डौ

नेपाल सरकार (२०७३), कृषि विकास मन्त्रालय, सूचना शाखा, सिंहदरबार, काठमाण्डौ

नेपाल सरकार (२०७३, २०७४), कृषि डायरी, कृषि बिभाग, ललितपुर

नेपाल सरकार (२०७०), नेपालको कृषि तथ्याङ्क, २०१४/१५, कृषि विकास मन्त्रालय, काठमाण्डौ

नेपाल सरकार (२०७३/ ७४), भन्सार बिभाग, काठमाण्डौ

नेपाल सरकार (२०७३/७४), आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, काठमाण्डौ

नेपाल सरकार (२०७१), रोजगारका लागि श्रम पलायन, A Status Report for Nepal २०१३/२०१४

Paudel, N.S., Bastakoti, B.P., Karki, R., and Bista, R. (2012) Drivers and Dynamics of Agrarian Transformation in Nepal: Review of Broader Socio-Economic Issues Around Nepalese Agricultural Development, Kathmandu, Forest Action Nepal.

डा. प्रकाश चन्द्र लोहनी (२०७३) जनबादी गमला संस्कृति र कृषि क्रान्ति, कान्तिपुर दैनिक, असार २३, २०७३

सन्तोष अधिकारी (२०७३) चामल मा आत्मनिर्भरता कि पर्याप्तता, कान्तिपुर दैनिक, असार १५, २०७३

APROSC-JMA (Agricultural Projects Services Center and John Miller Associates). 1995. “Agricultural Perspective Plan (APP), Nepal.” Kathmandu, Nepal: National Planning

Commission; Asian Devel-opment Bank, Nepal Resident Mission, APROSC (1995). Irrigation Potentiality of Rainfall in Nepal, Agricultural Projects Services Centre, Kathmandu, Nepal.

Ghimire, M.R. 2011.State Aid/Subsidy Concern on Petroleum Products. Republica Business and Economy page 7 November 2011.

IFPRI (International Food Policy Research Institute). 2011. 2011 Global Hunger Index. The Challenge of Hunger: Taming Price Spikes and Excessive Food Price Volatility. Issue Brief 69. Washington, DC.

अनुसुचीहरु

अनुसुची १

उद्योग उन्मुख कृषिका लागी नेपाल सरकारबाट कृषि बस्तु सरह उत्पादन गर्न सकिने गरि नितिगत निर्णय भइ सिफरिस भएका उच्च मूल्यका बहुबर्षे बालीहरु

List of Herbs

The government of Nepal, Ministry of Plant Resources and the Department of Aromatic and Medicinal Plants has recommended some native high value plants to be introduced as larger agricultural commodity. And the Department has policy to engage potential growers for commercial cultivation of these plants in co- ordination of the MoA. The prescribed plants are tabulated as;

S.N.	Name of Herbs	Altitudinal Range required for production	प्रयोग हुने भाग
1.	Aconitum heterophyllum	2400-4100	जरा , गानो
2.	Aconitum spicatum	3300-4300	जरा, फूल, पात
3.	Acorus calamus	200-2300	जरा
4.	Asparagus recemosus	150-2100	जरा, टुसा
5.	Azadirachta indica	100-900	सम्पूर्ण भाग
6.	Biergenia ciliata	1600-3600	प्रकन्द
7.	Cinnamomum glaucescens	2000-2500	फल
8.	Cinnamomum tamala	450-2100	बोक्रा
9.	Ophiocordyceps sinensis	4200-5000	पूरै ढूसी र लार्भा
10.	Dactylorhiza hatagirea	2800-4000	गानो
11.	Dioscorea deltoidea	450-3100	जरा, फल
12.	Gaultheria fragrantissima	1200-2700	पात
13.	Juglans regia	1200-3000	फूल, बोक्रा
14.	Morchella conica	2000-3500	पस्रै बिरुवा
15.	Nardostachys grandiflora	3600-5000	प्रकन्द
16.	Neopicrorhiza scrophulariiflora	3600-4800	जरा, प्कन्द
17.	Lichens		पूरै बिरुवा
18.	Phyllanthus emblica	150-1400	फल

19.	Piper longum	200-800	फल, डाँढ
20.	Podophyllum hexandrum	2400-4500	जरा, प्रकन्द
21.	Rauvolfia serpentina	100-1200	जरा
22.	Rheum australe	3000-4200	प्रकन्द, डाँढ
23.	Rubia manjith	1200-2100	डाँढ, जरा
24.	Sapindus mukorossi	1000-1400	फल, बोक्रा, बीउ
25.	Swertia chirayita	1500-3000	पूरै बिरुवा
26.	Tagetes minuta	1200-2500	पूरै बिरुवा
27.	Taxus wallichiana	2400-3400	पात
28.	Tinospora sinessis	300-1500	लहरा
29.	Valeriana jatamansii	1500-3600	जरा, प्रकन्द
30.	Zanthoxylum armatum	1100-2500	फल
31.	Olive	100-2500	फल
32.	Velvet	700-1200	फल
33.	Chachur	1300-2100	फल